# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा रहेका विभिन्न जनजातिहरूमध्ये थारू जाति पनि एक हो । अरु जातिको पनि आफ्नै संस्कृति छ । विभिन्न जनजातिहरूको समष्टिगत रुप नै नेपाली संस्कृति हो । कुनै विशेष संस्कृति लोप हुनु नेपाली संस्कृतिको लोप हुनु हो । नेपालको वि.सं २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल थारूहरूको जनसंख्या १५,३३,८७९ रहेको । अर्थात कुल जनसंख्याको ५.८६ प्रतिशत थारूहरूको जनसंख्या रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) । जनसंख्याको हिसाबले पनि थारू जनजाति सबैभन्दा ठूलो जनजाति हो । भाषागत आधारमा २०५८ को जनगणना अनुसार नेपालमा कुल १३,३१,५४६ जनाले थारू भाषा बोल्दछन् ।

**तालिका नं. १**

**जातजातीहरुको जनसंख्या विवरण**

| जातजाती | जनसंख्या | प्रतिशत | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| क्षेत्री | ३५९३४९६ | १५।८० | यादब | ८९५४२३ | ३।९४ |
| ब्राह्मण | २८९६४७७ | १२।७४ | राई | ६३५१५१ | २।७९ |
| मगर | १६२२४२१ | ७।१४ | गुरुङ्ग | ५४३५७१ | २।३९ |
| थारु | १५३३८७९ | ६।७५ | दमाई | ३९०३०५ | १।७२ |
| तामाङ्ग | १२८२३०४ | ५।६४ | लिम्बु | ३५९३७९ | १।५८ |
| नेवार | १२४५२३२ | ५।४८ | ठकुरी | ३३४१२० | १।४७ |
| मुस्लिम | ९७१०५६ | ४।२७ | सार्की | ३१८९८९ | १।४० |
| कामी | ८९५९५४ | ३।९४ | तेली | ३०४५५३६ | १।३४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०५८

जनजाति भन्नाले छुट्टै सामुहिक, सांस्कृतिक पहिचान भएको, आफ्नै परम्परा, भाषा, धर्म, रीतिरिवाज भएको, समानतामा आधारित सामाजिक संरचना, परम्प्रागत भौगोलिक क्षेत्र भएको वर्तमान नेपालको राजनीति सञ्चालनमा कुनै भूमिका नभएको, हिन्दू वर्णाश्रम धर्मभित्र नपर्ने ठूलो समाज भित्रको सानो समूह हो । एउटा जनजाति समूहको सदस्यहरूको सांस्कृतिक विशेषताहरू तिनीहरूको समाज तथा अन्य सदस्यहरू भन्दा फरक हुन्छ । ती विभिन्नताहरूमा तिनीहरूको भाषा, धर्म र विशिष्ट खालको फरक रीतिरिवाज हुनसक्छ । परम्परागत रुपमा अलग समूहको पहिचान र भावना जनजाति समुहका लागि महत्वपूर्ण भावना हो (स्कट र मार्सल, अक्सफोर्ड डिक्सनरी अफ सोसोलोजी, २००५) । जनजातिलाई माथि नल्याएसम्म सामाजिक समानताको कल्पना पनि गर्न सकिदैन । यी जनजातिहरूमा मुख्य गरी थारू, राई, मगर, लिम्बू, तामाङ्ग, शेर्पा, थकाली, लेप्चा ,राउटे आदि हुन् ।

नेपालको उत्पत्तिसँगै नेपालमा थारू जातिको उत्पत्ति भएको भन्नुमा दुईमत नहोला । त्यसैले थारू जातिलाई नेपालको आदिवासी भनेको हो । यो जातिको आफ्नै भाषा, संस्कृति, इतिहास र आफ्नो अलग पहिचना छ । यो जाति नेपालमा मलेरिया पचाई बसोवास गर्ने योग्य तथा उर्वरा जमिन बनाई खाद्यान्न उत्पादन गर्ने परम्परा सुरु गरेका हुन् । यो जातिको सम्बन्ध जमिन, जङ्गल र प्राकृतिक स्रोत साधनमाथि रहिआएको हुँदा खेतीमाथि मात्र निर्भर रहेको यो जातिमा अन्धविश्वास अशिक्षा रुढिवादी भएको कारणले आर्थिक , सामाजिक , सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा पछाडि परेको छ (थारू संस्कृति २०६४) ।

नेपालमा बसोवास गर्ने विभिन्न जनजातिहरूमध्ये थारू जाति पनि एक आदिवासी प्राचीन जातिमा पर्दछ । विशेष गरी तराई क्षेत्रको मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र झापा जिल्लाहरूमा यिनीहरूको बसोबास रहेको पाइन्छ । अझै पनि पिछडिएको जातिमा पर्ने यो जाति मुख्य गरी कृषिमै आश्रित रहेको पाइन्छ । सोझा-लजालु स्वभाव र व्यापक रुपमा अशिक्षित भएको कारण यो जाति कमैयाको रुपमा कहीँ दासको रुपमा शोषित हुँदै आइरहेको पाइन्छ ।

थारूहरु पहिले राजपुतहरूका नोकर थिए । राजपुतका मेवाउका एकजना महाराजालाई राणा भन्ने गरिन्थ्यो । बाह्रौ शताब्दीतिर उक्त स्थानमा मुसलमानहरूले आक्रमण सुरु गरेकारले घरका आइमाईहरूलाई सुरक्षा गर्न दलबलका साथ उत्तर पहाडका जङ्गलहरूमा पठाइयो । लामो समयसम्म पनि आफ्ना पतिहरू नफर्केकाले उनीहरुले त्यहाँ निम्न जातिका पुरुषहरू र आफ्ना नोकरचाकरलाई पतिको रुपमा स्वीकार गरेर जन्मेका सन्तान नै थारू कहलिए (शर्मा, २०४४) ।

नवलपरासी जिल्ला स्वाठी गा.वि.स. मा थारू जातिको परापूर्व कालदेखि नै बसोवास भएको क्षेत्र हो । यो शोधकार्य समाजशास्त्रीय अध्ययन भएकाले यसमा थारू जातिको सामाजिक सांस्कृतिक अवस्थाको अध्ययन गर्नुकोसाथै सहरीकरण तथा औद्योगिककरणले यहाँका थारूहरूको जीवनमा के-कस्ता प्रभाव र परिवर्तनहरू ल्याएको छ भन्ने विषयमा केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

परापूर्व कालदेखि तराईको सुख्खा, जर्जर र घनावनस्पतले ढाकिएको अवस्थामा रहेको भूमिलाई उर्वर भूमिमा परिणत गर्नुमा थारू समुदायको ठूलो परिश्रम खर्च भएको छ । यद्यपि समाजमा मानवीय अन्तरसम्बन्धको जालो हो । परिवार, विवाह, नाता, धर्म, सामाजिक संस्था हुन् । यिनै सामाजिक संस्थाहरू मिलेर नै समाज बनेको हुन्छ । यी संस्थाहरूले सामाजिक आवश्यकता पूरा गरिराखेका हुन्छन् । थारू समुदायमा मनाइने विभिन्न संस्कारहरू, चाडपर्वहरूको आफ्नै विशेष खालको भूमिका रहेको हुन्छ ।

लुम्बिनी अञ्चल नवलपरासी जिल्ला स्वाठी गा.वि.स. मा बसोवास गर्ने थारू समुदायको विगत १० वर्षदेखि यताको सामाजिक सांस्कृतिक अवस्थाको स्थिति कस्तो छ ? के कस्तो व्यवहारहरूले निरन्तरता पाइरहेको छ र के कस्ता परिवर्तनहरू देखापरेका छन् भन्ने विषयलाई समस्याको रुपमा राखी अध्ययन एवम् विश्लेषण गरिएको छ । अध्ययन गर्ने क्रममा थारू जनजातिको आगमन, रहनसहन, भेषभूषा, चाडपर्व, पेसा तथा सङ्गठनात्मक परिवर्तनहरूलाई पनि अध्ययन गरिनेछ । तसर्थ यो अध्ययनअनुसन्धान प्रस्ताव निम्न प्रश्नरुमा केन्द्रित रहेको छ ।

क) थारू समुदायको रीतिरिवाज को अवस्था कस्तो छ ?

ख) थारू समुदायले कस्ता-कस्ता चाडपर्वहरु मनाउँदै आएका छन् ?

ग) उनीहरूको जन्म, मृत्यु र विवाहमा के कस्ता संस्कारगत कार्यहरू गर्दछन् ?

घ) थारूहरूको संस्कृतिले उनीहरूको जीवनमा कस्तो प्रभाव पारेको छ ?

ङ) थारूहरू आफ्नो रीतिरिवाज र संस्कृति प्रति कतिको आस्था राख्ने गर्दछन् ?

च) यिनीहरूको मौलिक संस्कृतिमा यिनीहरुको विगत दसवर्षदेखि यता के -कस्ता परिवर्तनरु देखापरेका छन् ?

छ) अन्य जातिहरूसँग भएको सम्बन्धले यिनीहरूको सामाजिक संस्कारमा के-कस्तो परिवर्तनबाट प्रभाव परेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य


हरेक अनुसन्धानको उद्देश्य रहेको हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य थारू जनजातिको सामाजिक सांस्कृतिक अवस्था र परिवर्तनका पक्षहरूको अध्ययन गर्नु रहेको छ । यसर्थ यो उद्देश्य पूरा गर्नका लागि निम्न विशिष्ट उद्देश्यहरू राखिएको छ ।

क) स्वाठी गाविसका थारु जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गर्नु ,

ख) थारु जातिका आर्थिक अवस्थाको अध्ययन नर्गु

ग) थारूहरूको परम्परागत सामाजिक सांस्कृतिक जीवनमा आएको परिवर्तनहरूको पहिचान गर्नु ।

## १.४ अवधारणात्मक रुपरेखा



## १.५ अनुसन्धानको महत्व र सान्दर्भिकता

समाजशास्त्रीय वा मानवशास्त्रीय दृष्टिकोणमा समाजमा रहने जनजातिहरूको अध्ययन एउटा महत्वपूर्ण अध्याय हो । यस्ता अध्ययनहरुले स्थानीय समाजको स्वरुप, जनजातिहरूको भूमिका, सामाजिक तथा आर्थिक स्थितिको जानकारी गराउनुको साथै अल्पसंख्यक जनजातिहरूको संरक्षण र विकासका लागि पथ प्रदर्शनको काम गर्दछ ।

हरेक जनजातिका आफ्ना मौलिक संस्कृतिहरू छन् । प्रत्येक संस्कृतिले राष्ट्रिय गौरवको प्रतिनिधित्व गर्नुको साथै समाजलाई व्यवस्थित रुपले सञ्चालन गर्न महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । आधुनिकीकरणको प्रभावमा मौलिकतालाई बचाई राख्दै परिवर्तनशील समाजमा समायोजन हुन सक्नु नयाँ पीढिलाई चुनौतिको विषय हो । पूर्खाले आर्जेको मूल्य र मान्यता लोप हुन नदिन समसामयिक वैज्ञानिक खोजहरूको आवश्यकता पर्दछ र यस्ता खोजहरूले सामाजिक मुल्य र मान्यताहरूलाई बचाई राख्न सजग गराउँछन् । यसर्थ यस अध्ययन गर्नुको महत्व यस प्रकार छ -

क) अध्ययन क्षेत्रका थारू समुदायको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षको स्थिति थाहा पाउनुका साथै परिवर्तनहरु के कस्ता भए थाहा पाउन सकिन्छ ।

ख) यो अध्ययनबाट जनजातिहरूको अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी, विदेशी अनुसन्धानकर्ताहरूलाई सहयोग हुनेछ ।

ग) यस अध्ययनबाट भविष्यमा थारू जातिको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था, योजनाकर्ता आदिलाई सहयोग मिल्नेछ ।

घ) यो अध्ययनबाट थारू जनजातिका विभिन्न चाडपर्व, संस्कार र प्रथाहरूको बारेमा जानकारी प्राप्त गर्न सकिनेछ ।

ङ) थारू समुदायमा लक्षित गरेर बनाइने कार्यक्रमहरू सञ्चालनको योजना निर्माण कार्यमा सहयोग गर्नेछ ।

च) मौलिक संस्कृतिको जानकारी प्राप्त हुनेछ ।

## १.६ अध्ययनको सङ्गठन

यस स्वाठी गा.वि.स. को थारू जातिको सामाजिक सांस्कृतिक अवस्था र परिर्वतन एक समाजशस्त्रीय अध्ययन शीर्षक भएको शोधपत्रलाई सात भागमा वर्गीकरण गरिने छ । यसअन्तर्गत अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको महत्व र सान्दर्भिकता र अध्ययनको सङ्गठनको ढाँचालाई स्पष्ट हुने गरी चर्चा गरिएको छ । त्यसैगरी अध्याय दुईअन्तर्गत सान्दर्भिक साहित्यको पुनरावलोकन, अध्याय तीनमा अनुसन्धान विधि, अध्ययन क्षेत्रको छनोटको औचित्य, तथ्याङ्कको प्रकृति र स्रोत समग्रता र नमुना छनोट, तथ्याङ्क सङ्कलन विधिहरू, अन्तर्वार्ता, अवलोकन, प्रश्नावली, प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता, द्वितीय स्रोत, तथ्याङ्क विश्लेषण प्रक्रिया अध्ययनको सीमा समावेश समेत गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको चिनारीको बारेमा छोटकरीमा विवरण प्रस्तुत गरिएको छ । अध्याय पाँचमा स्वाठी गा.वि.स. मा बसोवास गर्ने थारू जनजातिहरूको आर्थिक तथा सामाजिक स्थितिका सूचक प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । त्यसैगरी अध्याय छ मा थारू जातिको विभिन्न संस्स्कारगत कार्यहरूमा आएको परिवर्तनको बारेमा उल्लेख गरिएको छ । अध्याय सातमा समग्र अध्ययनको सारांश, निष्कर्ष र सुझावको उल्लेख गर्नुका साथै सन्दर्भ सामग्रीको सूची पनि समावेश गरिएको छ ।

# अध्याय दुई

## २. साहित्य पुनरावलोकन

यस अध्यायमा तथ्याङ्कका द्वितीय स्रोतका रुपमा लिईएका पुस्तक, पत्र-पत्रिका, लेख रचना तथा शोधपत्र लगायतका सम्बन्धित साहित्यको समिक्षा गरिएको छ ।

नेपालको विभिन्न क्षेत्रमा बसोवास गर्ने जातजातिहरूको सांस्कृतिक, सामाजिक, आर्थिक अवस्थाको अध्ययन त्यति पुरानो छैन । वि.सं. २००७ मा राणाशासनको अन्त्य भएपछि नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययनको सुरुवात भएसँगै स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरुले खोजमूलक कार्यहरू गरेको पाइन्छ । यसै क्रममा नेपालमा सर्वप्रथम होमीन डोर्फले (१९६४) मा शेर्पा समुदायको अध्ययन गरेका थिए । गोपाल सिंह नेपालीले (१९६५) मा पाँगामा बसोवास गर्ने नेवारहरूको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षबारे अध्ययन गरेका थिए । नेपालको समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययन गर्ने स्वदेशी तथा विदेशी विद्वान्‌हरूमा ओटनर (१९७८), क्याप्लन (१९७२), क्याप्लन एल (१९७०), विस्ट (१९९१,२०३९), रेग्मी ( १९९२), शर्मा(१९७७), मोनलार (१९८१) आदि हुन् ।

थारू जातिको उत्पत्ति मुख्य गरेर मङ्गोल समूहबाट भएको हो । रेग्मी (२०३५) थारू जातिको उत्पत्ति कहिले र कहाँबाट भएको हो भन्ने खोजीको क्रममा थारू जाति किराँत नै हुन र पहाडमा रहेका किराँत बोली बोल्ने मङ्गोलबाट आर्य भाषा ग्रहण गरी अलग जाति बनेको हो भन्ने मत केही विद्वान्‌हरूको रहेको छ (शर्मा, २०४४) ।

नेपालमा थारू जनजातिको अध्ययन गर्ने पहिलो श्रेय पाउने माननवशास्त्री डोरबहादुर विष्ट हुन् । उनले आफ्ना दुईवटा पुस्तक ुउभयउभि या ल्भउर्बा ज्ञढडएु र सबै जातको फुलबारी -२०३९ मा नेपालमा बसोवास गर्ने विभिन्न जातिहरूको भतजलयनचबउजष्अ विवरण दिने क्रममा थारू जातिसम्बन्धी खोजमुलक विवरणमा भनेका छन्- “थारूहरूको बनोटमा देखिने मङ्गगोलियन आकृतिको प्रत्यक्ष असर हालसालको नयाँ कुरा हुन सक्दैन्, किनभने पश्चिम पहाडमा खस आर्यहरू आई पुग्नु भन्दा अघि मात्र मङ्गोलियन आकृतिका मानिसहरूसँग पश्चिम तराईमा बस्ने

थारूहरूको सर्म्पक भएको हुन सक्दछ । खस आर्यहरू यस क्षेत्रमा बस्न थालेपछि कोही पनि मङ्गोलियन आकृतिका मानिस सुदूर पश्चिम पहाडमा देखिएका छैनन् । त्यो समयलाई पछ्याउन खोज्ने हो भने त्यसै पनि हामीले ३००० वर्ष जति पछाडि फर्कनु पर्नेछ । अनि त्यस बेलादेखि थारूहरूलाई तराइमा बसी आएको मान्ने हो भने राजपुत आईमाईका सन्तान भन्ने केवल ५०० वर्ष अघि मात्र हुन सक्ने घटनाक्रमसँग थारू जातिको उत्पत्तिलाई गाँस्न मिल्दैन (विष्ट,२०५५: ८८-८९) ।

प्रायः थारुहरुको विवाह सानै उमेरमा हुन्छ । ८/९ वर्षको केटाको लागि १५/१६ वर्षकी केटी खोजेर विवाह गरिन्छ । थारुहरु मृत्यु संस्कारलाई जीवन चक्रको प्रमुख घटनामध्ये एक मान्दछन् । पूर्वका थारुहरु मृतकलाई नदी किनारमा दाह संस्कार गर्दछन् भने सुदूर पश्चिममा थारुहरु लोग्ने मानिसलाई घोप्टो पारी गाड्दछन् भने स्वास्नी मानिसलाई उत्तानो पारी गाड्दछन् । पुरोहित आफ्नो वर्गको बाहेक ब्राह्मण पनि लगाउने गर्दछन् । यसरी ब्राह्मण वा पुरोहित लगाउने थारुहरु मृत्यु भएको १३ औं दिनसम्म अन्य हिन्दूहरुले झैं काजक्रिया गर्दछन् (शर्मा २०३९ : ४१९) ।

थारू जातिको वर्ग विभाजनलाई प्रष्ट्याउन शर्माले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पाइने अनेक थरका थारूहरूको नाम यस प्रकार दिएका छन् - कठरीया, कन्कटा, कोविला, खरल, खवास, खस, खाँ , खुनाहा, खौरिया, गच्छदार, चित्तौनिया, चौधरी जोगी, ढगरिया, तावेदार, थन्ढार, दनुवार, ढंगोरा, ढाङ्ग, बढिया, परियार, बर्दिया, बह्रनिया, बाठ, बाटर, बोक्सा, बोर, भगत, भटगनिया, मझौरा, मर्दनिया, महन्त, मठटाउता, माझी, मोरङ्गीया , रजुडिया, राजाघरैया, राजघटिया, राना, राजी, रौतार, लम्फुझवा, ताजपुरिया, विरवास, सर्दार, सुनहा, सोलरिया र हेमजलिया (शर्मा २०३९) ।

नेपाल तराई भित्री मधेश खोज, जङ्गलका बीच बसोवास गरिरहेको आदिबासी थारू नेपालका आदिम जातिमध्ये पर्दछन् । वन्यजन्तु हुने वनका बीचमा बसेर खेती गर्ने र विकसित संसारदेखि अलग बस्ने भएकाले अन्य जाति भन्दा यिनीहरू पछौटे भए (विष्ट, २०३६) ।

थारू जातिमा संयुक्त परिवारको परम्परा रहेको पाइन्छ । परिवारमा आमाको स्थान माथि रहेको र एक पत्नी प्रथा रहेको कुरा थाह पाइन्छ (शर्मा , २०३९) ।

कोशीका थारू समुदायमा सुर्खेतको वा दाङ्गको थारू परिवारमा जस्तो एउटा केटा वा केटीलाई साटासाट गरी विवाह गर्ने प्रचलन देखिँदेन । सुर्खेततिर एउटा परिवारमा केटीको विवाह गर्नु पऱ्यो भने उतापट्टिको केटीलाई पनि केटीतर्फको दाजुभाइमध्ये जसले भए पनि एकजना केटाले विवाह गर्ने चलन छ (रेग्मी, २०३५) ।

वैज्ञानिक तर्कअनुसार पनि औलो रोग पचाउनका लागि त्यस वातावरणमा ३-४ हजार वर्षसम्म घुलमिल हुनुपर्दछ । तराई क्षेत्रमा पहिले व्यापक रुपमा औलो पाइन्थ्यो तर थारु जातिहरुमा जति मात्रामा यो रोग लाग्नु पर्ने थियो त्यति मात्रामा नलाग्नुको कारण यिनीहरु धेरै लामो समयदेखि तराईको औलोको वातावरणमा घुलमिल भइसकेकोले नै हो , त्यो समयमा अन्य जातिहरुलाई दण्ड दिनुपर्दा तराईमा पठाउने गरिन्थ्यो (चौधरी, २०५५) ।

थारुहरु मैथिली, भोजपुरी र पश्चिमतर्फ अवधी र थारु भाषा बोल्दछन् । भाषाको सवालमा पूर्व झापादेखि पर्सामा मैथिली, मध्यतर्फ भोजपुरी र पश्चिमतर्फ अवधी भाषाको विशेष प्रभाव रहेको छ । थारु र अन्य मधेशी मूलका मानिसहरुबीच भाषाको समस्या छैन । एक अर्काको भाषा सजिलै बुझ्दछन् (चौधरी, २०६५) ।

दिपक चौधरीका अनुसार थारु समुदायमा हरेकको घरमा कुलदेवता राख्ने चलन छ । कुलदेवता र ग्रामदेवतालाई विभिन्न समय र उत्सवहरुमा पूजा गर्ने, सुँगुर, पाठापाठी, परेवा, हाँस आदिको वली दिने चलन छ । तर शिक्षित र सम्पन्न थारुहरुमा सुँगुरको वलि दिने प्रथा छैन । कुनै पनि शुभ कार्य गर्दा सबैभन्दा पहिले यी देवताहरुको पूजा अनिवार्य मानिन्छ । थारुहरुमा धामी र गुरुवाको उच्च स्थान रहदै आएको देख्न सकिन्छ ।

श्री ज्ञानेश्वर भट्टराईका अनुसार “वृहत ज्ञानकोष” पेज नं. २८८ मा केही विद्वानहरुले भारतको राजस्थानको थार मरुभूमि क्षेत्रबाट नेपाल प्रवेश गरेकोले यिनलाई थारु भनेको हुनसक्ने कुरा उल्लेख गरेका छन् । बाह्रौ शताब्दीमा अल्हाउदिन खिलजी र सत्रौं शताब्दीमा अकवरको आक्रमणबाट राजपूतहरु मारिएकाले राजपूत नारीहरु ज्यान जोगाउन नोकरहरुका साथ नेपालको जंगलतिर प्रवेश गरेका र लामो समय सम्म सँगै बसोबास हुँदा राजपुत नारी र नोकरहरुको समागमबाट अहिलेको थारु जातिको उत्पत्ति भएको चर्चा गरिन्छ ।”

# अध्याय तीन

## अध्ययनविधि

### ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य

थारू जातिहरू नेपालका तराई क्षेत्रमा छरिएर बसेका छन् । थारू जातिको आफ्नै मौलिक संस्कृति छ साथै उनीहरूको आफ्नै रीतिरिवाज विवाह संस्कार, दाहसंस्कार, चाडपर्व, पूजाआजा आदि छन् । तर यी सबैको विस्तारै विस्तारै लोप हुँदै गएको हुनाले थारू समाजको मात्रै नभएर देशको सम्पत्ति नै गुम्ने अवस्थामा छ । यस शोधको अध्ययन क्षेत्र लुम्बिनी अञ्चलभित्र पर्ने नवलपरासी जिल्लाको स्वाठी गा.वि.स. वडा नं. ६ लाई लिइएको छ । यस शोधपत्रमा स्वाठी गा.वि.स. लाई शोधकर्ताले छनोट गर्नुको पछाडि निम्न कारणहरू रहेका छन् ।

- यस नवलपरासी जिल्ला स्वाठी गा.वि.स. मा थारू जातिको बसोवास धेरै भएकोले ।
- यस अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकोले ।
- थारू जातिको विभिन्न संस्कारहरूको अध्ययन गर्न रुचि भएकोले ।
- समय, अर्थ तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको चीरपरिचित क्षेत्र भएकोले ।

### ३.२ अध्ययनको ढा“चा

यस शोधपत्रका लागि वर्णनात्मकै अध्ययन विधिको प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन विधिबाट थारू जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा वर्णन गरिएको छ । वणनात्मक विधिद्वारा यी जातिको विभिन्न संस्कारहरूमा आएको परिवर्तनहरु र यसको प्रभावको बारेमा अन्वेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता आदिबाट अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, गा.वि.स. बाट प्राप्त अभिलेख र जिल्ला विकास समितिबाट प्राप्त अभिलेखलाई लिइएकोछ । लेखकहरूले लेखेका पूर्वप्रकाशित पुस्तकको आधारमा तथ्याङ्क सङ्कलन गरिने छ ।

## ३.४ समग्रता र नमुना छनोट

नवलपरासी जिल्ला स्वाठी गा.वि.स.को कुल जनसंख्या ९,७०२ मध्ये थारू जातिको जनसंख्या १८०६ रहेको छ । सम्पूर्ण जनसंख्याको कुल घरधुरी संख्या १६४५ भएकोमा थारू परिवारको कुल घरधुरी २९८ रहेको छ । सबै थारू घरहरूको अध्ययन गर्न समय र स्रोतको सीमितताले नसकिने हुँदा यस गा.वि.स.वडा नं. ६ का थारु जातिका जम्मा घर ७५ मध्ये संम्भाव्य नमूना छनोटको आधारमा ६६.६६% अर्थात जम्मा ५० घरपरिवारलाई अध्ययनका लागि लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधिहरू

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम. आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत निम्न विधिहरू छन् :

### ३.५.१ प्राथमिक स्रोत

#### ३.५.१.१ अन्तर्वार्ता

अनुसन्धान एम् शोधकार्यका लागि प्राथमिक तथ्याङ्क सङ्कलनको लागि यो महत्वपूर्ण विधि मानिन्छ । यस अन्तर्गत आफैले तयार पारेको प्रश्नावलीको आधारमा थारू जातिको सामाजिक, सांस्कृतिक संस्कार, पारिवारिक बनोट, पेसा वा व्यवसाय सम्बन्धी बढी भन्दा बढी तथ्याङ्क सङ्कलन गर्न सकिने, बुझिने, सरल र स्पष्ट भाषामा

प्रश्नावली तयार गरी यस प्रश्नावलीबाट थारू जातिको विभिन्न पक्षहरूको जानकारी सङ्कलन गरिएको छ ।

### ३.५.१.२ अवलोकन

अवलोकन विधिबाट अनुसन्धानकर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्यहरू सङ्कलन गरिने हुँदा सो तथ्याङ्कहरूको गुणात्मक र बढी औचित्यपूर्ण हुने विश्वास राखिएको छ । प्रत्यक्ष अवलोकनबाट सूचनादाताहरूले दिन नचाहेको तथ्याङ्कहरू पनि सङ्कलन गर्न सकिन्छ । यस शोधपत्रमा अवलोकन विधिद्वारा थारू जातिको दैनिक क्रियाकलापहरू जस्तै : खानपान, भेषभूषा, रहनसहन र सरसफाई जस्ता विषयहरू र त्यसमा देखिएको परिवर्तन सम्बन्धी प्रत्यक्ष अवलाकेन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१.३ प्रश्नावली अनुसुची

यस विधिअनुसार स्वाठी गा.वि.स.मा बसोवास गर्ने थारूरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षसँग सम्बन्धित विषयमा प्रभाव पार्ने पक्षहरूको बारेमा प्रश्नावली बनाई तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ ।

### ३.५.१.४ प्रमुख जानकार व्यक्तिहरूस“गको अन्तर्वार्ता

अध्ययनको क्रममा थारू जातिका वृद्ध तथा जानकार व्यक्तिहरूलाई मुख्य सूचनादाताको रुपमा लिएर तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । थारू जाति सम्बन्धी स्वदेशी तथा विदेशी लेखकले लेखेका पुस्तक लेख, रचना, पत्रपत्रिका, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क, गाउँ विकास समिति र जिल्ला विकास समितिबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस शोधपत्रलाई व्यवस्थित बनाउन आवश्यक परेको ठाउँमा सांख्यिक विधिलाई प्रयोग गरिएको छ । मुख्यतयाः विभिन्न तालिकाहरूको, तथ्याङ्कहरूको स्रोत, शोधकर्ताको स्थलगत सर्वेक्षणमा सोधिएको अन्तर्वार्तामा आधारित छन् । तथ्याङ्क सङ्कलन कार्य सकिएपछि संख्यात्मक तथ्याङ्क- हरूलाई बढी सावधानी र श्रम लगाएर सूचीकरण गरी वर्गीकरण गर्ने कार्य गरिएको छ । गुणात्मक प्रकारको सूचनाहरूलाई आवश्यकताअनुसार व्याख्या र वर्णन गरी तथ्यपरक बोधगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

नेपालको तराईका विभिन्न भागमा बसोवास गरिरहेका सम्पूर्ण थारूजातिको सामाजिक, सांस्कृतिक अवस्था र परिवर्तनहरूको अध्ययन गर्न समय बढी लाग्ने र साथै आर्थिक भार पनि बढी पर्ने भएको हुँदा यो अध्ययन क्षेत्रगत हिसाबले नवलपरासी जिल्ला स्वाठी गा.वि.स. अन्तर्गत वडा नं. ६ का थारु समुदायको सामाजिक सांस्कृतिक अवस्था र विगत दस वर्ष यता देखिएको परिवर्तनहरुमा मात्र सीमित छ । यस अध्ययनका निम्न सीमाहरू छन् -

- यो अध्ययन स्वाठी गा.वि.स.वडा नं. ६ को प्रतिनिधित्व हुने गरी थारू जातिको अध्ययन गरिएको छ ।
- यस अध्ययनमा थारू जातिको सामाजिक, सांस्कृतिक पक्षको अध्ययन अन्तर्गत शिक्षा, पेसा, चाडपर्व, संस्कृति, भेषभूषा उत्पादन तथा उपभोग र स्वास्थ्य जस्ता पक्षहरूलाई पनि समावेश गरिएको छ ।
- प्रस्तुत अध्ययनमा संख्यात्मक सूचना सङ्कलन गर्न प्रश्नावली विधि अपनाइएको छ ।
- यो अध्ययनमा गुणात्मक सूचना सङ्कलन गर्नका लागि प्रमुख जानकार व्यक्तिहरूको सहयोग लिइएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको संक्षिप्त परिचय

## ४.१ नवलपरासी जिल्लाको सामान्य परिचय

नवलपरासी जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्र लुम्विनी अंचलमा पर्दछ । यस जिल्लाको पूर्वमा चितवन र दक्षिणमा भारतको उत्तरी प्रदेश र विहार भोगोलिक  रुपमा अवस्थित छन् । यो जिल्ला ८३°३६' देखि ८४°२५' पूर्वी  देशान्तर र २७°२१' देखि २७°४७' उत्तरी अंक्षाशको बीचमा पर्दछ । यस जिल्लाको भूवनोट चुरे पहाड देखि ससमथर तराईको मैदानी भागबाट बनेको छ । त्यसैले हावापानी पनि भिन्न भिन्न किसिमको रहेको ापइन्छ । प्राय जसो उष्ण प्रदेशिय हावाापनी रहेकोले यहाँ गर्मीमा अति नै गर्मी हुने जुन ३६-४० डिग्री सेल्सीयस सम्म तापक्रम  रहेको पाइन्छ भने जाडोमा न्यूनतम तापक्रम १० डिग्री सेल्सीयस साा रहेको पाइन्छ । यस जिल्लाको कुल क्षेत्रफल ३१६३ वर्ग कि.मी रहेको छ भने औसत वार्षिक वर्षा २१४५.८ मिलिमिटर रहेको पाइन्छ ।

प्रशासनिक दृष्टिकोणले यस जिल्लालाई ६ संसदिय निर्वाचन क्षेत्र, १५ इलाका १ नगरपालिका र ७३ गाविस मा विभाजन गरिएको छ । यस जिल्लाका प्रमुख धार्मिक तथा प्रर्यटकिय स्थलहरुमा पाल्वी भगवती, रामजाम स्तुप, त्रिवेणी धाम, मदार बाबा थान कुमार वर्ती, नन्दन ताल आदि रहेका छन् भने प्रमुख खोलानालाहरुमा नारायणी नदी अरुण खोला त्रिवेणी घाट, नारायण घाट तुरिया खोला, झरही खोला रहेका छन् । यस जिल्लाको जनसाँखिक स्थीतिलाई हेर्दा २०५८ को जनगणना अनुसार कुल जनसंख्या ५६१२८७० जसमा महिलाको संख्या२८९५३१ (५१%) र पुरुषको संख्या २७३३३९(४९%) रहेका छन् भने कुल घरधुरी संख्या ९१२१९ र जनधनत्व ३६०.४ प्रति वर्ग कि.मि रहेको पाइन्छ । यस जिल्लाको साक्षात्कार पुरुष ६६.०० प्रतिसत र महिला ४०.९० प्रतिसत रहेको पाइन्छ ।

## ४.२ स्वाठी गा.वि.स.को सामान्य परिचय

नवलपरासी जिल्लाका ७३ गा.वि.स मध्ये संसदिय निर्वाचन क्षेत्र नं. ४ मा पर्ने स्वाठी गा.वि.सको क्षेत्रलाई अध्ययन क्षेत्रमा लिइएको छ । यस गा.वि.सको पूर्वमा राम नगर गा.वि.स, राम ग्राम नगरपालिका र पश्चिममा अमोरठ गा.वि.स, उत्तरमा सुनवल गा.वि.स र दक्षिणमा रामग्राम नगरपालिका पर्दछ । यो गा.वि.स पूर्व चल्ने महेन्द्र राजमार्गको सुनवल भन्ने स्थान देखि ४ कि.मि दक्षिण र जिल्लाको सदरमुकाम परासी देखी ५ कि.मि उत्तरमा अवस्थित छ । २०५८ को जनगणना अनुसार यहाँको कुल जनसख्या ९७.२ जसमा पुरुषको सख्या ४९०३ र महिलाको सख्या ४७९९ रहेको छ भने जसमा घरधुरी सख्या १६४५ रहेको छ । जसमा कुल थारु जातिको जनसख्या १८०६ र थारु जातिको कुल घरधुरी संख्या २९८ रहेको छ । जसमा अध्ययन क्षेत्रमा रहेको कुल थारु घरधुरी संख्या ७५ मध्ये ५० घरपरिवारलाई अध्ययनका लागि लिइएको छ । यस गा.वि.स मा थारु, ब्राम्मण, मुस्लीम, गुरुङ, यादव, चमार, कलवार, कुमाल, ठकुरी, राई जातिका संख्या वढिरहेका छन् भने राजभर, दुसाध, हजाम, वानिया, दलित, सार्की, मुसहर जातिका जनसंख्या न्यून रहेका छन् । त्यसैगरि यस गा.वि.स का वडा नं. ५ (हर्दीया वनकट्टी) मा सवै भन्दा जनसंख्या र घरधुरी रहेका छन् भने वडा नं १ (अमरैया) मा सवैभन्दा कम जनसंख्या र घरधुरी संख्या रहेको पाइन्छ । त्यसैगरी यस गा.वि.स मा १९ देखि ५९ वर्षभित्रका जनसख्या वढि र ६० भन्दा माथिका जनसंख्या सवैभन्दा कम रहेको पाइन्छ । यस गा.वि.स मा प्रा.विको संख्या ३ र मा.वि.को संख्या २ रहेको छ ।

# अध्याय पाँच

# थारु जातिको सामाजिक आर्थिक अवस्था

## ५.१ सामाजिक स्थिति

मानिस सामाजिक प्राणी हो । समाज विना मानिस रहन सक्दैन । समाज भनेको व्यक्तिहरुको समूह मात्र नभएर व्यक्ति, समूह र संस्था बीचको अन्तर्क्रिया र अन्तर्सम्बन्धको जालो हो । हरेक समाजमा आ-आफ्नै प्रकारका सामाजिक नियम, कानून, संस्कृति, परम्परा, मुल्यमान्यताका तानावानाहरु हुन्छन् । यिनै समय समयका सामाजिक तानावाना अनुसार जीवन पद्धतिहरु सञ्चालित भएका हुन्छन् । २१औं शताब्दीमा प्रवेश गरेका स्वाठी गा.वि.स.का थारु समुदायको जीवन पद्धतिको जालोको अवस्था कस्तो छ भन्ने विषयमा चित्रण गर्नका लागि गरिएको शोधकार्यमा त्यस समुदायमा विद्यमान पारिवारिक ढाँचा, रहनसहन, लवाई खवाई, भेषभूषा, भाषा, धर्म, संस्कार, चाडपर्व आदिको सामाजिक मुख्यमान्यताहरुको बारेमा संकलित तथ्याङ्कहरुको यस अध्ययनमा वर्णन गरिएको छ । जसको प्रस्तुति विश्लेषण र व्याख्यालाई स्पष्ट पार्नका लागि तालिकीकरण गरी प्रस्तुत गरिएको छ ।

### ५.१.१ परिवार र नातेदारी

परिवार सामाजिक संस्थाको रुपमा स्थापित सबभन्दा महत्वपूर्ण निकार्य हो । व्यक्तिलाई सामाजिकीकरण बनाई स्वस्थ जीवन निर्वाह गराउनमा परिवारको मुख्य भूमिका हुन्छ । परिवार मुख्यतया २ किसिमको हुन्छ । एकल परिवार र संयुक्त परिवार । एकल परिवारमा पति पत्नी र छोराछोरी हुन्छन् भने संयुक्त परिवारमा पति पत्नी, छोराछोरी, बुहारी, नाति नातिना, बाजे बज्यै आदि एकाघरमा रहन्छन् । व्यवस्थित रुपले परिवार संचालन गर्नका लागि परम्परादेखि परिमार्जित हुदै निश्चित मुल्यमान्यताहरु निर्देशित भएका हुन्छन् । परिवारको सदस्यहरुको अन्तरसम्बन्ध, सहयोग अन्तर्क्रियाबाट कामको बाडफाड गरी एक व्यक्तिले परिवारको संचालन गर्दछ । सानोलाई माया ममता र ठूलोलाई कदर गर्नु परिवारका सदस्यको कर्तव्य

हुन्छ । सम्पूर्ण काम कारवाहीहरु अलिखित हुन्छन् । जीवन यापन गर्न सक्षम भएपछि संयुक्त परिवार एकल परिवारमा परिवर्तित हुन्छ र एक प्रकारले परिवारले समाजमा स्थायी निरन्तरता पाइरहेको हुन्छ । यस वर्डामा पारिवारि ढाँचा निम्नानुसार छ :

**तालिका नं. १०**

**पारिवारिक ढाँचा**

| सि.नं | विवरण | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | एकल परिवार | ज्ञड | घट | |
| २. | संयुक्त परिवार | घद्द | टढ्ढ | |
| जम्मा | | छण | ज्ञणण | |

श्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

थारुहरु संयुक्त परिवारमा रहने समुदाय भनेर चिनिन्छन् । पहिला पहिला लामो वा धेरै घरहरु बनाएर संयुक्त पारिवारिक ढाँचामा बस्ने गर्दथे । प्राप्त तथ्याङ्क अनुसार यस गाउँका ३६ % थारु परिवारहरु एकल परिवारमा र ६४% थारुहरु संयुक्त परिवारमा रहेको पाइयो । स्थलगत अध्ययनका सिलसिलामा एकल परिवार र संयुक्त परिवारका बारेमा शोधकर्ताबाट जिज्ञासा राख्दा छोराछोरी नहुर्केसम्म पारिवारिक हेरचाहको सहयोग पाइने, आयआर्जनको श्रोत प्राप्त नगरेसम्म आर्थिक जिम्मेवारी घरमुलीले व्यवस्था मिलाउनु पर्ने, भिन्न परिवारमा रहनको लागि घरबारको व्यवस्थ ागर्न तत्काल कठिनाई पर्ने भएकोले संयुक्त परिवार नै श्रेयस्कर भएको पाइयो ।

परिवारको संचालन र व्यवस्थापन कसबाट गरिनेछ भनी सोधिएको प्रश्नमा निम्नानुसार पारिवार संचालन भएको पाइयो :

## तालिका नं. ११

## परिवार संचालन

| सि.नं | विवरण | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | महिला | ड | ज्ञट | |
| २. | पुरुष | घढ | ठड | |
| ३. | अन्य व्यक्ति | घ | ट | |
| जम्मा | | छ्ण | ज्ञण्ण | |

श्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गर्दा यहाँको थारु समुदायमा ७८% परिवार पुरुषबाट संचालन भएको, १६% महिलाबाट र ६% परिवारको टाठो व्यक्तिबाट संचालन भएको पाइयो ।

मातृसत्तात्मक इतिहास बोकेको थारु समुदायको पारिवारिक ढाँचाका केही अवशेषहरु पाइए तापनि यहाँका थारु समुदायमा रहेको पारिवारिक ढाँचा परिवर्तन भइ पितृसत्तात्मक परिवारमा परिवर्तन भएको पाइयो किनभने यहाँको ७८% परिवारको संचालन पुरुषबाट भएको छ । त्यस्तै शहरीकरण र आधुनिकताको प्रभावले गर्दा एकल परिवारको स्थितिमा पनि बृद्धि हुँदे गरेको पाइन्छ ।

समयको कालक्रममा सदस्यहरुबाट नारीप्रतिको व्यवहारमा परिवर्तन हुँदै आएको पाइन्छ । यस धारणामा यहाँको थारु समुदाय पनि अछुतो भएको पाइएन । मातृसत्तात्मक इतिहास बोकेको थारु समाजमा पुरुष प्रधानता नै पाइन्छ तापनि समाजका सामाजिक, आर्थिक, राजनैतिक एवम् सांस्कृतिक पक्षमा नारी प्रतिको व्यवहारमा परिवर्तन आएको छ । यहाँको थारु समुदायका नारीहरु गृहिणी मात्र नभएर हरेक पक्षमा निर्णायक भएका छन् । बच्चा जन्माउने, स्याहार संभार गर्ने, घरमा खाना पकाउने, लिपपोत गर्ने नारी नियन्त्रणमा बस्नु पर्छ भन्ने सोचाईंमा छोरा सरह विना भेदभाव विद्यालय पठाउने, आफूले इच्छाएको व्यक्तिसँग विवाह गर्न स्वीकृति दिने,

रोजेको पेशा गर्ने प्रेरणा दिने, पारिवारिक निर्णयमा सल्लाह लिने, सामाजिक, छलफलमा सहभागी बनाउने जस्ता कामहरुले यहाँको थारुको समुदायमा नारीप्रतिको व्यवहारमा सकारात्मक पक्षहरु देखा परेका छन् ।

हरेक समुदायमा जस्तै यहाँको थारु समुदायमा नातेदारी प्रचलन प्रगाढ रुपमा रहेको छ । खासगरी रक्त सम्बन्धी नाता, वैवाहिक नाता र मितेरी नाताले यस समुदायलाई एकाअपसमा घनिष्ट बनाएको पाइन्छ । रक्त सम्बन्धी नातेदारी प्रथा अन्तर्गत बाबुआमा, दाजुभाई, दिदीबहिनी, आदि पर्दछन् भने वैवाहिक नाताअन्तर्गत सासूससुरा, बुहारी, ज्वाइँ, सम्धीसम्धिनी, सालासाली, जेठानजेठानी आदि पर्दछन् । अन्य जातिहरुमा जस्तै मित लगाउने प्रचलन यस जातिमा पनि पाइन्छ । थारुहरु मितेरी नातालाई महत्व दिन्छन् । यसरी हुने नातामा मित, मितेनी, मितबा, मितेनीआमा, आदि नाताहरु पर्दछन् । नातेदारी व्यवस्थामा भान्जाको निकै महत्व हुनेभएकाले विवाहबाट आर्जित हुने नातालाई मान्यता दिएको पाइन्छ ।

### ५.१.२ रहन सहन

तराइको प्रचण्ड गर्मीमा औलो र महामारी जस्ता रोगहरुसँग जुझ्दै आएको थारु जातिहरुको रहनसहनमा आफ्नै मौलिकता भएको पाइन्छ । एकताले फुसका टहराहरु बनाई बस्ती निर्माण गर्दै सामाजिक जीवनमा समायोजन हुँदै आएका यहाँका थारुहरु शिक्षाको विकास र आधुनिकीकरणको प्रभावले गर्दा यिनीहरुको रहनसहनमा परिवर्तन भएको पाइन्छ । आजकल प्रायः थारुहरुका घर साना  भए तापनि चिटिक्क परेका हुन्छन् । एउटा परिवारको ३/४ वटासम्म घरहरु हुन्छन् । घरमा एउटा ढोका हुन्छ, झ्याल प्रायः हुँदैन । कतैकतै आँखी झ्याल जस्तो बनाएर राखेका हुन्छन् । वरिपरि साना घर र बीचमा आँगन घर हुन्छ । हरेक घरहरु अलग अलग कार्यका लागि प्रयोग गरिएको हुन्छ । जस्तै : देवता घर, भान्सा घर, ढिकी घर, सुत्ने घर, परेवा घर आदि । देवता घरमा विभिन्न देवताहरु मानी राखिएका हुन्छन् । घरको नजिकै कुखुरा, परेवा, हाँस आदि पाल्नका लागि छुट्टै घर बनाइएको हुन्छ । गाईवस्तुको लागि नजिकै गोठ घर बनाइएको हुन्छ । केही आर्थिक रुपले सम्पन्न थारुहरुले ईट्टा

तथा सिमेन्टबाट निर्मित पक्की घरहरुमा पनि बसोबास गर्ने गरेको पाइन्छ । यस्ता पक्की घरहरु थारु जातिको छिमेकीको साथै अन्य जातिहरुको छिमेकी भै बनाएको पनि पाइयो । थारुहरु प्रायः एकतले घरमा नै बस्ने गर्दछन् । अधिकांश थारुहरुका घरका भित्तामा पशुपंछीहरुका चित्र अङ्कित भएको यो लेख्नाले रोगव्याधा हरण हुनुको साथै पुत्र प्राप्तिको विश्वास गरिन्छ ।

माथि उल्लेखित ढाँटाको रहनसहन पाइए तापनि जिल्लाको सदरमुकाम परासीदेखि ५ कि.मि. उत्तर र पूर्व पश्चिम जोडिने महेन्द्र राजमार्गमा पर्ने सुनवलदेखि ४ कि.मि. दक्षिण भागमा अवस्थित शिक्षा, स्वास्थ्य, सडक, खानेपनी र विद्युतजस्ता विकासका पूर्वाधारहरु भैसकेकोले चालचलन रहनसहन, भेषभूषा आदिमा बसाई सराई आएका मानिसहरुसँग समायोजन हुँदै रहनसहनमा सफासुग्घर पारेर बस्ने, लिपपोत गर्ने, विशालु सर्पबाट बच्नको लागि जाले खाटमा सुत्ने, रातिमा झूल टाँगेर सुत्ने जस्ता सकारात्मक पक्षहरु देखिन्छन् ।

### ५.१.३ खानपान तथा भेषभूषा

यस गाउँमा रहने थारु जातिहरुको मुख्य खाना दालभात हो । रोटी, चिउरा, तरकारी, माछामासु पनि यिनीहरु प्रयोग गर्दछन् । बस्तुभाउ पाली दूध, दही, घ्यू बनाई खाने पनि गर्दछन् । फुर्सदको समयमा घरका बूढाढीदेखि केटाकेटी, युवायुवती सबै जाल बोकेर माछा मार्न जान्छन् र सुकाई सिद्रा बनाएर खाने र बढी भएको नजिकको बजारमा लगि विक्री गर्ने गर्दछन् । समय अनुसारका तरकारी बाली उत्पादन गरी प्रयोगमा ल्याउँदछन् । विभिन्न चाडपर्व तथा उत्सवमा पुरी वरी, कचौरी, मिठाई तथा फलफूल पनि खाने गर्दछन् । विवाह तथा पर्वहरुमा रक्सी अनिवार्य हुन्छ । तराई क्षेत्रमा बसी कडा मिहिनेत गर्ने जाति भएकाले रक्सीलार्य सन्तुलित भोजनका लागि अनिवार्य ठान्दछन् । विभिन्न चाडपर्व तथा उत्सवहरुमा थारुहरु मन फुकाएर खर्च गर्दछन् । खानपिनको मोजमस्तीलाई यिनीहरको विशेषताको रुपमा लिइन्छ । सायद यो खर्च फजुल भएर होला समयमा खेती योग्य विशाल भूमिको स्वामित्व भएका थारुहरु आज आएर भूमिहिन तिर गइरहेको पाइन्छ । लवाई तथा भेषभूषा थारु समुदायको

अर्को विशेषता हो । गर्मी क्षेत्र भएकोले थारुहरु प्रायः पातला र खुकुला खालका पोषाकहरु लगाउँदछन् । खासगरी पुरुषहरु कमिज, धोती, गंजी, सेतो फेटा, कट्टु, फुर्का भ्रुण्डाएका भेगई लगाउने गर्दछन् भने महिलाहरु चौबन्दी, रङ्गीचङ्गी साडी, पेटिकोट, ब्लाउज, मेक्सी र केटाकेटीहरु गंजी, सर्ट र पाइन्ट, फ्राक, कट्टु आदि लगाउँछन् । आधुनिकीकरणको प्रभावले यो जातिको लवाई खवाई र भेषभूषामा परिवर्तन ल्याएको पाइन्छ ।

### ५.१.४ धर्म तथा परम्परा

मानव समाजको उत्पत्तिदेखि नै धर्म एक अभिन्न अंगको रुपमा रहँदै आएको छ । सामाजिक व्यवहारहरुको संस्थागत स्वरुप तथा अन्तक्रियाबाट बन्ने अर्न्तसम्बन्धको जालोमा धर्मको महत्वपूर्ण भूमिका हुन्छ । वास्तवमा धर्म भन्नु नै अलौकिक शक्ति माथिको विश्वास हो । जुन विश्वासले मानव व्यवहारहरुलाई नियन्त्रित गरी समाजलाई सुचारु रुपले संचालन गरेको हुन्छ । त्यही धर्मका आडमा बनाइएका मठमन्दिर, मस्जिद, पूजाआजा, चाडपर्व, वानी व्यहोरामा देखाइने क्रियाकलाप सामाजिक परम्परा हुन पुगे । धर्म सम्बन्धमा थ्रेजरले भनेका छन् : “धर्म मानिसभन्दा माथि रहने शक्तिप्रतिको विश्वास हो, जसले मानवीय जीवन, प्राकृतिक घटनाहरुलाई नियन्त्रण र निर्देशित गर्दछ भन्ने विश्वास गरिन्छ ” (नेपाली समाज र संस्कृति, २०३०) ।

यस गाउँका थारु जातिहरु हिन्दू धर्म मान्दछन् र यसै धर्मको नियमहरुबाट निर्देशित भएको पाइन्छ । हिन्दू धर्म अपनाए तापनि यिनीहरुका केही मौलिक परम्परा र विश्वासहरु पाइन्छन् । यहाँका थारुहरुले पक्की घरको कुनै कोठा वा झुपडी घरमा भए पनि देवताघर भनी कोठा छुट्टाएका हुन्छन् । देवताघरमा सात ठाउँको माटो ल्याएर बनाइएका माटाका एकनासे थुम्का राखेका हुन्छन् र यिनै थुम्कालाई कूल देवता भनी विश्वास राख्दछन् । जातीय गुरुद्वारा पूजाआजा गर्ने गर्दछन् । यसलाई उनीहरु “डिउहारे” भन्दछन् । त्यस्तै प्रत्येक गाउँको मूलबाटोमा काटका मुढाहरु गाडी यसलाई उनीहरु “डहरचन्नी” देवीको संज्ञा दिन्छन् । गाउँमा रोग व्याधि र भुत प्रेत नपरोस

भन्ने विश्वासमा उक्त देवीदेवतालाई पाठा, सुगुर, कुखुरा, परेवा आदि साउने पूजा भनी वली दिन्छन् । डाईनी, बोक्सी, भुतप्रेत आदिमा विश्वास राख्ने गर्दछन् । प्रायः प्रत्येक घरघरमा गृहदेवता हुन्छन् । ती गृहदेवतालाई पनि दूध र पाटका साथै परेवा र कुखुराको बली पनि चढाउने गर्दछन् । रोग व्याधि नलागोस्, बालीनाली राम्रो होस् भनेर रातो कागजको घोडा बनाएर धान पूजा गर्ने चलन पनि पाइन्छ । हलोको टाउको बा कोलको मूढो गाडेर मसान पूज ागर्ने लन छ । कुनै पनि शुभ कार्य वा चाडवडाका दिन कूल देवताको पूजा गर्नु पर्छ । धार्मिक कार्य गर्दा कहिले थारु पुरोहित र कहिले पहाडिया ब्रह्माणद्वारा पनि गराइन्छ । पुरोहितको रुपमा आफ्नै भाञ्जालाई पनि काम गराउने गरिन्छ । वर्गीय पुरोहितलाई गुरुवा (गुरौ), भर्रा वा सोखा पनि भनिन्छ । गरुवा पनि दुई तहको हुन्छ । घरको गुरुवाले घरभित्रको धार्मिक कार्य र देश बान्हिया गुरुवाले गाउँको रेखदेखको जिम्मा लिएको हुन्छ । थारुहरु गुरुवामा अत्यन्त विश्वास राख्दछन् । गुरुवाले भुतप्रेत र बोक्सीबाट बच्न बिरामीलाई जन्तर बाध्ने, भाकल गर्ने, पानी मन्साउने गरी उपचार गर्ने गर्छन् ।

थारु जातिको परम्परा बारे भरत चौधरी भन्दछन्- थारु जातिमा म्वार पस्ने ( मोहडा प्रथा) अर्थात विधवा बुहारीको विहे गरी छोरो भनेर भित्र्याउने चलन, त्यसबाट जन्मेको छोरालाई अंश दिने चलन तथा दाजु मरेपछि भाउजुलाई स्याहार्ने चलन पनि छ ।

यस्तै यहाँको थारु समाजमा हरेक वर्ष वैशाख महिनाको कुनै दिन गाउँको गुरुवालाई त्यस वर्ष भरी दुःख कष्ट, रोग व्याध, अनिकाल खडेरी आदि नहोस् भनेर वर्ष भरिका "बारना" संचालन गर्ने जिम्मा दिएका हुन्छन् । यस्तो बारना जिम्मा लगाउनलाई थमौति बारना भन्दछन् । थमौति दिने गाउँलेहरुले गुरुवालाई आ-आफ्नो आर्थिक स्थिति अनुसार उपहार स्वरुप माछा मासु रक्सी आदि दिने चलन छ । यस्ता बारनाहरु निम्नानुसार छन् :

क) जेष्ठयाती : घर गुरौले कूलपूजा गर्ने, बत्ती बाल्ने र भुतप्रेत हटाउन भकौती गर्ने ।

ख) यसारी : ब्रह्मथानमा गरौले पूजा गर्ने, बली चढाउने र रोग व्याधी हटेको विश्वास गर्ने ।

ग) हरियारी : बालीनाली लगाइसकेपछि राम्रो होस् भनी माछा मासु रक्सी खाइ रमाइलो गर्ने ।

घ) दूध भरल खिल भरल : असौज महिनामा राम्रोसँग धान फलोस् भनेर खेतको आलीमा लट्टीले हिर्काउने र अक्षता छर्ने ।

ङ) न्वागी : हरेक परिवारको मुख्य व्यक्तिले नयाँ उत्पादन भएको धानको बाला लिएर ब्रह्मथानमा पूजा गरी नयाँ अन्न खाने चलन । यो कार्यपछि मात्र गुरौले नयाँ धान प्रयोगमा ल्याउने प्रचलन छ ।

च) लेरुपाइड : राम्रो बाली उब्जाएकोमा जमिनमा गै बोका, पाठी, कुखुरा बली दिने चलन ।

छ) लालपियार : हरेक वर्ष चाडपर्वहरु सकिएपछि आफूले लगाएको राम्रो कपडा माथि कसैले ईर्ष्या नगरोस् भनी गरिने बारना ।

उपरोक्त बारनाहरु गर्दा यो समुदायका मानिसहरु काम नगर्ने र मीठामीठा खानेकुराहरु खाने गर्दछन् ।

यहाँका थारुहरु हिन्दू धर्मावलम्बी भएकाले शास्त्रमा विश्वास गर्दछन् । धार्मिक विश्वास र सामाजिक परम्पराले समाजमा जरा गाडेको पाइन्छ । स्वर्गको बास र पुनर्जन्मको आसमा गरिने बाल विवाह, धामीझाँक्रीको विश्वास, सन्ततीलाई ईश्वरीय प्राप्ति मान्ने प्रचलनमा शिक्षाको उपलब्धि र विानका चमत्कारले थारु जातिको धार्मिक क्रियाकलापमा परिवर्तन ल्याएको पाइन्छ । ८ वर्ष पुगेपछि युवा अवस्थामा प्रवेश गरिन्छ र छोराछोरीहरुको विवाह गरिदिनुपर्छ भन्ने चलन केटीको विवाहका लागि १६ वर्ष र केटाको विवाहका लागि २० वर्षमा सरेको छ । स्वास्थ्य उपचारका लागि सामाजिक विश्वास मानिएका गुरौ प्रतिको विश्वास, स्वास्थ्य चौकीमा सरेको छ । छोराछोरीहरुलाई ईश्वरीय उपलब्धि मान्ने विश्वास, समयको अन्तरालमा चाहेको बेलामा सन्तान जन्माउने, स्थायी वा अस्थायी परिवारनियोजनका साधनहरुको प्रयोग गर्ने गरेको पाइन्छ । घर वा गाउँको जनिक थारुका देवताहरु थुपार्ने सोचाई, कर्म

गर्नमा व्यस्त देखिन्छन् । खानपिनका लागि कुनै रोकतोक नभएको थारु समुदायमा, शिक्षाको विकास, बसाई सरी आउने विभिन्न जनजातिहरुको जटिल समाज, आधुनिकीकरण तथा शहरीकरणको प्रभावले फजुल खर्चमा नियन्त्रण गरेको पाइन्छ ।

### ५.१.५ भाषा

भाषा सञ्चारको माध्यम भएकाले मानव समाजमा यसको महत्वपूर्ण स्थान हुन्छ । समाजका काम व्यवहारहरुलाई बोलेर वा लेखेर अर्कोसम्म पुऱ्याइ विभिन्न व्यवहारमा निर्देशित गर्ने माध्यम भाषा नै हो । हालसम्म नेपालमा १०३ जनजातिहरु भएको र ९३ भाषाहरु प्रयोगमा आएको पाइन्छ । देवनागरी लिपीको नेपाली राष्ट्र भाषा हो र प्रत्येक जनजातिहरुले बोलिने भाषालाई राष्ट्रिय भाषा भनिन्छ । यस गाउँमा बसोबास गर्ने थारु समुदायको राष्ट्रिय भाषा थारु हो । यो भारोपेली परिवार अन्तर्गत पर्छ । राष्ट्रिय भाषा थारु भए तापनि अन्य जातिहरुको सम्पर्कमा आई सामाजिक जीवन व्यतित गर्नु पर्ने भएकोले यहाँका सम्पूर्ण थारुहरु नेपाली भाषा बुझेर बोल्न सक्छन् । केही भाषाविद्हरुले थारु भाषाको छुट्टै लिपी थियो भन्ने दावी गरेका छन् तापनि यहाँका थारुहरु देवनागरी लिपीनै प्रयोग गर्दछन् । यो भाषा हिन्दी, उर्दु, भोजपुरी, मैथिली, अवधि, आदिसँग मिल्दोजुल्दो पाइन्छ । यो भाषा उपरोक्त भाषाहरु मध्येको भाषिका हो वा मूल भाषा हो भन्नेमा मतान्तर पाइन्छ । जेहोस् यसमा भारोपेली परिवारका भाषाको समिश्रण पाइन्छ र यही भाषाबाट नै सामाजिक जीवनका क्रियाकलापहरु सञ्चालन भएका छन् ।

देवनागरी लिपीको थारु भाषा यहाँका थारुहरुको भाषा हो तापनि केही विद्वानहरुले यस भाषाको आफ्नै लिपी भएको विश्वास गर्दछन् । अन्य जनजातिहरुको सम्पर्कमा काम व्यवहारहरु गर्नु, राष्ट्र भाषा नेपाली सरकारी कामकाजको भाषा हुने, पत्रपत्रिका पुस्तक दर्शनहरु अन्य भाषामा प्रकाशित हुनुले यहाँका अधिकांश थारुहरुको बोलीचालीको भाषामा समेत परिवर्तन भएको पाइन्छ ।

### ५.१.६ जनसंख्या

**तालिका नं. १२**

**नमूना छनौट गरिएको गाउँको थारु जातिको जनसंख्या**

| गाउँ | वडा नं. | घरपरिवार संख्या | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| बतरौली | ६ | ५० | १७१ | ५१.८१ | १५९ | ४८.१८ | ३३० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

स्वाठी गा.वि.स.मा भएका सम्पूर्ण थारु जनजातिहरुको जनसंख्या १८०६ भए तापनि शोधकर्ता वडा नं. ६ बाट जममा घरधुरी ५० मात्र लिएर नमूनाको रुपमा अध्ययन गरेको छ । यी घरधुरीमा जम्मा ३३० जनसंख्यालाई लिइएको छ । यसमध्ये पुरुष जनसंख्या १७१ अर्थात् ५१.८२ प्रतिशत र महिलाको जनसंख्या १५९ अर्थात ४८.१८ प्रतिशत रहेको छ । नमूना छनौट गरिएका थारु जातिहरुको उमेर अनुसार जनसंख्या वितरणको तालिका निम्न अनुसार छ :

**तालिका नं. १३**

**नमूना छनौट गरिका थारु जातिको उमेर अनुसार जनसंख्या विवरण**

| उमेर | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | जम्मा प्रतिशत | प्रति परिवार संख्यामा |
|---|---|---|---|---|---|---|---|
| ०-५ वर्ष | द्द | टाटठ | द्घ | टाढठ | द्धछ | ज्ञघाटद्ध | णढ |
| ६ -१५ वर्ष | घघ | ज्ञण | घण | ढाण्ढ | टघ | ज्ञढाण्ढ | ज्ञाद्दट |
| १६-६० वर्ष | ज्ञण्ज्ञ | घणाटण | ढढ | घण | द्दण्ण | टणाटण | द्ध |
| ६१ भन्दा माथि | ज्ञछ | द्धाछछ | ठ | द्दाज्ञद्द | द्द | टाटठ | णद्धद्ध |
| जम्मा | ज्ञठज्ञ | छज्ञाडद्द | ज्ञछढ | द्धडाज्ञड | घघण | | टाट |

श्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

उपरोक्त तालिका अनुसार ०-५ वर्ष उमेरका समूहका जनसंख्या कूल जनसंख्याको १३.६४ प्रतिशत, ५-१५ वर्ष  उमेर समूहका जनसंख्या १९.०९ प्रतिशत, १६-६० वर्षका उमेर समूहको जनसंख्या ६०.६० प्रतिशत र ६१ वर्षभन्दा बढि उमेर समूहको ६.६७ प्रतिशत रहेको पाइन्छ ।

यस तालिकाबाट प्रष्ट पार्न सकिन्छ कि ०-५ वर्ष उमेर समूहका जनसंख्यालाई शिशु भनिन्छ । यस जातिमा परिवार नियोजन सम्बन्धी ज्ञानको कमी पनि देखिन्छ । त्यसैले यो समूहको जनसंख्या पनि कूल जनसंख्याको तुलनामा बढि नै रहेको देखिन्छ । ६१ वर्षभन्दा मार्थि उमेर समूहको जनसंख्या सबै समूहभन्दा कम देखिन्छ । अर्थात् यस जातिमा कम उमेरमा नै मृत्यु हुने देखिन्छ जसको प्रतिफल कम उमेरमा नै यस जातिमा व्यक्तिहरुले घरमूलीको दायित्व निर्वाह गर्नु परेको देखिन्छ ।

### ५.१.७ पारिवारिक बनोट

हाम्रो देश नेपालमा अनेक किसिमका पारिवारिक बनोटहरु भएको देख्न पाइन्छ । आजकाल आधुनिकीकरणको नाममा संयुक्त परिवारहरु ह्रास हुँदै एकात्मक परिवारको बनोटमा बृद्धि हुन थालेको छ । स्वाठी गा.वि.स. अन्तर्गत नमूना गरिएको गाउँको थारु जातिको पारिवारिक बनोटलाई परिवारको सदस्यताको संख्याको आधारमा निम्नलिखित रुपमा विभाजन गरिएको छ ।

**तालिका नं १४**

**सदस्य संख्याको आधारमा थारु जातिको पारिवारिक विवरण**

| क.सं. | परिवारको किसिम | सदस्य संख्या | घरधुरी | प्रतिशत |
|---|---|---|---|---|
| १. | सानो परिवार | १-४ जना | १७ | ३४ |
| २. | मध्यम परिवार | ५-८ जना | २३ | ४६ |
| ३. | ठूलो परिवार | ९ भन्दा बढी | १० | २० |
| जम्मा | | | ५० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

उपरोक्त तालिका अनुसार कुनै एक घरमा १ जना देखि ४ जनासम्म बसोबास गर्दछन् भने त्यसलाई सानो परिवारको रुपमा लिइएको छ । ५ जना देखि ८ जना सम्मको परिवारलाई मध्ययम परिवार र ९ जनाभन्दा बढी संख्या भएको परिवारलाई ठूलो परिवारको रुपमा मानिएको छ ।

तालिकाबाट प्रष्ट हुन्छ कि अध्ययन छनौट गरिएका ५० परिवारमा अध्ययन गरिएकोमा ३४ प्रतिशत परिवारहरु सानो परिवारमा ४६ प्रतिशत मध्यम एवम् जम्मा २० प्रतिशत ठूलो परिवारमा बस्ने गर्दछन् । थारु जातिका परिवारका सदस्यहरुसँगै अन्तर्वार्ता र स्थलगत निरीक्षण गर्दा के पाइयोभने यस जातिमा पनि उपल्लो जातिमा आएको परिवर्तनको असर परेको छ ।

घरमूलीहरुलाई किन ठूलो परिवार मन नपराई छुट्टिएर छोरा बुहारी अलग भएका र छुट्टिनेलाई पनि किन सानो परिवार रुचाउनु हुन्छ ? भनी सोधपुछ गर्दा घरमूलीले दिएको जानकारी अनुसार छोराको बिहे गरेपछि उनीहरुको संयुक्त कमाई पनि बढेको र छोरा पनि अलग बस्न मन देखाएको र सानोतिनो कुरामा पनि सासु बुहारीमा मन मुटाव भएको कारणले उनीहरु मूलधारबाट छुट्टिएर अलग बसेका छन् । छुट्टिएर अलग बस्नेले भने बाबुआमासँग कुरा नमिल्ने एक दिन अलग बस्नु पर्ने हुँदा बेलैमा अलग बस्नु राम्रो र अघिपछि  केही पर्दा आफ्नो सहयोग रही नै रहने बताए वास्तवमा स्थलगत अध्ययन गर्दा गरिबीको कारणबाट पनि संयुक्त परिवार विघटन भएको धेरै जसो गरिब घरका परिवारकाहरु नैअलग भएर बसेको देखियो । सानै उमेरमा छोराछोरीहरुको विहे हुने र छोराहरु बुहारी विहे गरी ल्याइसकेपछि अलग बस्ने गरेको धेरै देखियो । यी जातिमा सानातिना चाड पर्वमा पनि  जाड रक्सीको सेवन गर्ने चलन व्यापक रहेकोले पनि चाड पर्वमा बाबुछोरा, सासु बुहारीमा झैझगडा भई परिवार विघटनको कारण बन्ने गरेको देखियो ।

### ५.१.८ शैक्षिक अवस्था

थारु जातिको शैक्षिक अवस्था अति नै पिछडिएको देखिन्छ । यस जातिका मानिसहरु प्राय: गरिबीको रेखा मुनि नै रहेकाले शिक्षाको आकारबाट पनि यिनीहरु

बन्चित रहेका छन् । यी जातिमा छोराछोरीलाई पढ्न पठाउनु पर्छ भन्ने कुराको पनि पूर्ण ज्ञान नभएको देखियो । आफ्ना बालबालिकालाई पढ्न पठाइ हाले पनि शुरुका केही महिना, वर्षमा स्कुलसम्म जाने तत्पश्चात विस्तारै विभिन्न समस्याका कारण केटाकेटीको अटेरीपन घरको आर्थिक अभाव, घरायसी बालश्रम आदिका कारण स्कुल जानबाट विस्तारै कमी हुदै जाने प्रथा छ । स्कुल गै रहने पनि एस.एल.सी. मा नै नपुगी बीचमा पढाई छोड्ने पनि धेरै छन् । तर केही भने एस.एल.सी. पास भएका भेटिन्छन् । तर हाल आएर भने आफ्ना छोराछोरीलाई पढ्नु पर्छ भन्ने भावना जागेको कुरा केही व्यक्तिले जानकारी दिएका थिए । नेपाल सरकारले संचालन गर्दै आएको प्रौढ शिक्षाले पनि नमूना गरिएको क्षेत्रमा राम्रो प्रभाव परेको देखियो ।

**तालिका नं. १५**

**थारु जातिको शिक्षाको आधारमा घरमूलीको शिक्षाको अवस्था**

| क.सं. | शिक्षाको स्तर | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १ देखि ३ कक्षा सम्म | ज्ञज्ञ | द्द |
| २. | ४ देखि ६ कक्षा सम्म | द्ध | ड |
| ३. | ७ देखि १० कक्षा सम्म | द्ध | ड |
| ४. | एस. एल.सी. उत्तीर्ण | द्द | द्ध |
| ५. | प्रमाणपत्र तह | ज्ञ | द्द |
| ६. | निरक्षर | द्दड | छट |
| | जम्मा | छ्ण | ज्ञण्ण |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा देखाइए अनुसार यी अध्ययनको लागि छनौट गरिएको घरमूलीहरुको कूलसंख्याको ४४ प्रतिशतले मात्र लेखपढ गरेको र ५६ प्रतिशत घरमूलीहरु निरक्षर नै रहेको पाइन्छ । यस थारु जातिमा ४४ प्रतिशत घरमूली पढेलेखेका भए पनि वर्तमान समय अनुरुप हामी पूर्ण साक्षर मान्न गाह्रो छ माथिको तालिकामा १ देखि ३ कक्षा सम्मका घरमूलीको संख्या ११ अर्थात २२ प्रतिशत छ उनीहरुलाई साधारण पढ्न पनि धौधौ पर्ने देखिन्छ । लेख्न त अझ गाह्रो किनकी यस

जमानाको गाउँको स्कूलमा अध्ययन गर्ने विद्यार्थीहरु रुची पूर्वक शिक्षित भएका पाइँदैन कोही स्कूल जाने भनी जंगलमा गाईबाखा चराउन जाने कोही माछा मार्न कोही बाटैमा गुच्चा, डण्डीबियो खेली पुनः बेलुका स्कूलबाट फकर्ने समयमा घर फर्कने खालकाले पनि कक्षा १ देखि ३ सम्म पास गरेका देखिन्छन् त्यस्तै कक्षा ४ देखि ६ सम्म पढ्ने शिक्षित घरमूली अलिकति राम्रो ज्ञान भएका छन् र तिनको संख्या कूल संख्याको ८ प्रतिशत छ। त्यस्तै गरी कक्षा ७ देखि १० सम्म पढ्नेहरुको पनि जम्मा ८ प्रतिशत मात्र छन् भने एस.एल.सी. पास जम्मा २ जना अर्थात ४ प्रतिशत र प्रमाणपत्र तह सम्मको अध्ययन गर्ने १ जना मात्र अर्थात २ प्रतिशत छ। यसबाट के बुझिन्छ भने अधिक घरमूली निरक्षर छन्। त्यसमा पनि पुराना बूढा घरमूलीहरु अत्याधिक निरक्षर र कक्षा १ देखि ३ सम्म पढेका मात्र भेटिन्छन्। स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण कोही पनि छैनन्।

**तालिका नं. १६**

**थारु जातिको सदस्यहरुको अध्ययनरत शैक्षिक विवरण**

| क.सं. | शिक्षाको स्तर | पुरुष संख्या | प्रतिशत | महिला | प्रतिशत | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रा.वि. १ देखि ५ कक्षासम्म | द्दछ | घण।द्धड | ज्ञघ | ज्ञछ।डछ | घड | द्धट।घद्ध |
| २. | नि.मा.वि.देखि कक्षा ८ सम्म | ज्ञछ | ज्ञड।द्दढ | ज्ञण | ज्ञद्द।ज्ञढ | द्दछ | घण।द्धड |
| ३. | मा.वि. ९ देखि कक्षा १० सम्म | ड | ढ।ठछ | छ | ट।ण्ढ | ज्ञघ | ज्ञछ।डछ |
| ४. | एस. एल.सी. उत्तीर्ण | द्द | द्द।द्धघ | घ | ज्ञ।द्दज्ञ | छ | ट।ण्ढ |
| ५. | प्रमाणपत्र तह | ज्ञ | ज्ञ।द्दज्ञ | ण | ण | ज्ञ | ज्ञ।द्दज्ञ |
| ६. | स्नातक तह | ण | ण | ण | ण | ण | ण |
| | जम्मा | छज्ञ | टद्द।ज्ञट | घज्ञ | ज्ञणण | डद्द | ज्ञणण |


स्रोत : स्थलगत सर्वेक्षण, २०६६।

माथि दिइएको तालिका अनुसार यस जातिमा विद्यालय जाने उमेर समूहका बालबालिकाहरुमध्ये कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुको संख्या ३८ अर्थात ४६.३४ प्रतिशत देखिन्छ जसमध्ये पुरुषहरुको संख्या २५ अर्थात ३०.४८ प्रतिशत छ भने महिलाहरुको संख्या १३ अर्थात् १५.८५ प्रतिशत देखिन्छ । कक्षा ६ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरु कूल विद्यार्थी संख्याको पुरुषहरु १८.२९ प्रतिशत र महिलाहरु १२.१९ प्रतिशत देखिन्छ । कक्षा ९ देखि १० मा अध्ययनरत विद्यार्थीहरुमा पुरुष ९.७५ प्रतिशत र महिला ६.०९ प्रतिशत देखिन्छ । त्यसैगरी एस.एल.सी. पास गरेको विद्यार्थीहरुमा पुरुष २.४३ प्रतिशत र महिला ३.६५ प्रतिशत, प्रविणता प्रमाणपत्र तह पुरुष १.२१ प्रतिशत र स्नातक तथा स्नातकोत्तर तह कोही पनि उत्तीर्ण गरेका देखिँदैनन् ।


**५.१.९ स्वास्थ्य**

स्वास्थ्य नै धन हो । अर्थात आर्थिक स्थिति तव मात्र राम्रो हुन सक्दछ जव मानवीय स्थिति तन्दुरुस्त रहन्छ । स्वास्थ्य भन्ने वित्तिकै समुदायमा रहेका व्यक्तिको स्वास्थ्यसम्बन्धी विविध जानकारीहरु जस्तै : शारीरिक तन्दुरुस्ती, स्वास्थ्य शिक्षा, फोहर मैलाको व्यवस्थापन, सानो परिवार सुखी परिवारको अवधारणा परिवार नियोजन सम्बन्धी जानकारी, मातृ तथा शिशुको स्याहार, खोप सम्बन्धी जानकारी आदि पर्दछन् । स्वास्थ्यमा रहेको स्थितिबाट समुदायमा रहेका व्यक्तिको आर्थिक स्थितिलाई निम्नानुसारको स्वास्थ्य चक्रबाट हेर्न सकिन्छ ।

स्वस्थ शरीर




अस्वस्थ शरीर



उपरोक्त स्वास्थ्य सम्बन्धी चक्रबाट स्पष्ट हुन्छ की स्वस्थ शरीर भएको घर परिवार मात्र आर्थिक रुपले सम्पन्न हुन सक्छ । यहाँको थारु समुदायमा लिइएको स्वास्थ्य सम्बन्धी जानकारीका बारेमा निम्न बमोजिम पाइयो ।

**तालिका नं. १७**

क) स्वास्थ शिक्षा

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| स्वास्थ्य शिक्षाको ज्ञान छ | द्धद्ध | डड |
| स्वास्थ्य शिक्षाको ज्ञान छैन | ट | ज्ञद्द |
| जम्मा | छ्ण | ज्ञणण |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा स्वास्थ्य शिक्षाको ज्ञान भएको परिवार ८८% र ज्ञान नभएको परिवार १२% रहेको पाइयो ।

**तालिका नं. १८**

ख) खोपको बारेमा जानकारी

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| खोपको बारेमा जानकारी छ | द्धण | डण |
| खोपको बारेमा जानकारी छैन | ज्ञण | द्दण |
| जम्मा | छ्ण | ज्ञणण |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा खोपको बारेमा जानकारी भएको परिवार ४०% र ज्ञान र नभएको परिवार २०% रहेको पाइयो ।

## तालिका नं. १९

ग) गर्भवती महिलालाई जँचाउने

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| गर्भवती महिलालाई जँचाउने | घट | ठ६ |
| गर्भवती महिलालाई नजँचाउने | ज्ञद्ध | द्ड |
| जम्मा | छ्ण | ज्ञण्ण |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ७२% गर्भवती महिलालो जँचाउने र २८% ले नजँचाउने गरेको पाइयो ।

## तालिका नं. २०

घ) परिवार नियोजनका साधनको प्रयोग

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| परिवारनियोजनका साधनको प्रयोग गर्ने | घठ | ठद्ध |
| परिवारनियोजनका साधनको प्रयोग नगर्ने | ज्ञघ | द्ट |
| जम्मा | छ्ण | ज्ञण्ण |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ३७% परिवारले परिवारनियोजनका साधनको प्रयोग गरेको र १३% ले नगरेको पाइयो ।

## तालिका नं. २१

ङ) परिवार नियोजनको किसिम

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| स्थायी परिवारनियोजन गर्ने | द्घ | छ्ड।ढठ |
| अस्थायी परिवारनियोजनका साधन प्रयोग गर्ने | ज्ञट | द्धज्ञ।ण्घ |
| जम्मा | घढ | ज्ञण्ण |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ५८.९७% परिवारले स्थायी परिवारनियोजन गरेको र ४१.०३% ले अस्थायी साधन प्रयोग गरेको पाइयो ।

**तालिका नं. २२**

च) चर्पीको प्रयोग

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| चर्पीको प्रयोग गर्ने | द्द | द्ध |
| चर्पीको प्रयोग नगर्ने | द्ड | छट |
| जम्मा | छण | ज्ञण्ण |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

**तालिका नं. २३**

छ) खानेपानीको व्यवस्था

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| खानेपानीको लागि धारा प्रयोग गर्ने | द्धड | ढट |
| खानेपानीको लागि इनार प्रयोग गर्ने | द्द | द्ध |
| खानेपानीको लागि ट्युवेल प्रयोग गर्ने | ण | ण |
| खानेपानीको लागि अन्य स्रोत प्रयोग गर्ने | ण | ण |
| जम्मा | छण | ज्ञण्ण |

स्रोत : स्थलगत सर्भेक्षण, २०६६ ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ९८% परिवारले धारा २% परिवारले इनार, ट्युवेल र अन्य स्रोतको खानेपानी प्रयोग गरेको पाइएन् ।

शरीर नै धन हो भन्ने विषयलाई आत्मसात गरी यहाँका थारु समूदायको स्वास्थ्य क्षेत्रका सबै पक्षमा सकारात्मक परिवर्तनहरु आएको पाइन्छ । स्वस्थ रहनका लागि घर आँगन चोक सफा राख्ने मातृ तथा शिशुको स्याहार सम्भार गर्नका लागि समय समयमा खोपहरु लगाउने सानो परिवार सुखी परिवार बनाउन परिवार नियोजनका स्थायी तथा अस्थायी साधनहरुको प्रयोग गर्ने, पानी नै जीवन हो भन्ने

बुझी स्वच्छ खानेपानीको व्यवस्था गर्ने, फोहर मैला व्यवस्थापन गर्नका लागि चर्पीको प्रयोग गर्ने र ढल निकासको व्यवस्था गर्ने जस्ता पक्षहरुले स्वास्थ्य क्षेत्रका सकारात्मक परिवर्तनहरुलाई निर्देशित गरेको पाइन्छ । समग्रतामा स्वास्थ्य सम्बन्धी सम्पूर्ण प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गर्दा शिक्षाको विकास र आधुनिकताको प्रभावले गर्दा जनचेतनामा वृद्धि भई स्वास्थ्य शिक्षामा सकारात्मक परिवर्तनहरु पाइयो ।

### ५.१.१० संस्कार

परिवारका सदस्यहरुबाट भए गरेका दुःख सुख पीरमर्का पूजाआजा आदिलाई नियन्त्रणमा राखी समाजलाई व्यवस्थित रुपले सञ्चालन गर्न चलाइएका वा अर्को शब्दमा समाजका परिवारका सदस्यहरुको विचारलाई शुद्ध पार्न गरिएका विधि विधानहरु कालान्तरमा व्यक्ति वा परिवारले अनिवार्य रुपमा गर्नु पर्ने संस्कारमा परिवर्तन भएको मान्दछन् । यहाँका थारु समुदायले जन्मेदेखि मृत्यु पर्यन्त अनेक संस्कारहरु सम्पन्न गर्दछन् । तीमध्ये जन्म, विवाह र मरण महत्वपूर्ण मानिन्छन् । त्यसमा पनि विवाह र मरणलाई जति महत्व दिइन्छ त्यति जन्मलाई दिइँदैन । यहाँ प्रचलित महत्वपूर्ण संस्कारहरु निम्न छन् :

#### क) गर्भधारण

अन्य समुदायका स्त्रीहरु सरह १३/१४ वर्ष पुगेपछि यस समुदायका केटीहरुमा पनि महिनावारी (रजस्वला) हुने गर्दछ । महिनावारीलाई प्राकृतिक नियम मानी यिनीहरुमा बार्ने (अलग गर्ने) चलन छैन । महिनावारी भएका स्त्रीहरु भात पकाउने, पानी ल्याउने आदि घर धन्दाको साथै खेतीपातीको काम पनि गर्दछन् । तर महिनावारी भएका स्त्रीहरुलाई देउताघर जान तथा विभिन्न पूजा, ब्रत आदि उत्सवमा भाग लिन बञ्चित गरिएको हुन्छ ।

अन्य समुदायका स्त्रीहरु सरह महिनावारी बन्द भएपछि गर्भधारण गरेको मानिन्छ । गर्भधारण गरेपछि त्यस्तो विधि वा उत्सव केही गरिँदैन तर स्त्रीहरुका लागि केही बन्देज देखिन्छ । त्यस्ता स्त्रीहरुलाई जंगल, खोला, मन्दिर आदि ठाउँमा

जान मनाही गरिएको हुन्छ । त्यस्तो समयमा गर्भवती महिलालाई खानाखान मन नलागेमा २-४ महिनापछि आफै ठीक भएर जान्छ भन्ने धारणा छ । ठीक नभएमा सर्वप्रथम भूतप्रेतको विश्वास गरी धामी झाँक्रीलाई देखाउने त्यसपछि गाउँको वैद्य हुँ भन्नेलाई नाडी छाम्न लगाई जडीबुटी खाने गर्दछन् । आजकल डाक्टर कहाँ जाने चलन बढेर आएको पाइन्छ ।

**ख) जन्म**

महिना पुगेपछि जव गर्भवती महिलालाई व्यथा लाग्न थाल्छ त्यसपछि उनलाई छुट्टै घरमा लगेर राखिन्छ । धेरै समय व्यथा लागेमा कोइली चरीले खाएर झरेको आँपको कोया खान दिइन्छ भने कसैलाई जुटको केही टुक्रा कपालमा बाधिदिन्छन् । त्यसपछि पनि बच्चा नजन्मिएमा सुडेनीको सहायता लिइन्छ । सुडेनीको सहायताबाट पनि बच्चा जन्माउन नसकेमा मात्र नजिकको स्वास्थ्य केन्द्र वा उपलब्ध स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको सहयोग लिइन्छ । बच्चा जन्मेपछि नाभी काट्ने काम हुन्छ । साल काटिसकेपछि बच्चा तथा आमालाई नुहाइदिने काम गरिन्छ । सुत्केरीलाई जुन ठाउँमा राख्ने हो त्यहाँ पोत्ने काम सकिएपछि ५ मुठी धान र दुवो राखिन्छ । त्यसपछि सुत्केरी बच्चा लिई त्यस स्थानमा छ दिनसम्म धरा बस्नु पर्दछ । सुत्केरी बसेको घरमा चुल्हो बनाइ त्यसमा आगो बालिएको हुन्छ, जसबाट बच्चा र आमालाई सेक्ने काम गरिन्छ । पाँच दिनसम्म सुत्केरी घरबाट बाहिर ननिस्की बसेपछि छैँटौं दिनमा सुतकेरीलाई बाहिर ल्याउने काम हुन्छ । यो दिनलाई छैठ वा छठियार भन्दछन् । त्यस दिन बिहान घर आँगन लिपपोत हुन्छ । सुत्केरीलाई नुहाउने काम हुन्छ । नाउँद्वारा सुत्केरीको हात खुट्टाका नङ काट्ने काम हुन्छ । यो समुदायका अधिकांश संस्कारहरुमा नाउको उपस्थिति अनिवार्य हुन्छ । नाउ उपस्थिति भै काम सघाए वापत आ-आफ्नो आर्थिक स्थिति अनुसार चामल, पैसा तथा लुगाफाटो पनि दिने गर्दछन् । यसै दिन बेलुका सुत्केरीलाई इनार डुलाउन लगिन्छ । इनार डुलाउन लैजाँदा केही गाजल, दियो, अगरबत्ती, धान, दुवो तथा सिन्दूर लिएर जान्छन् । इनारको एक छेउमा पोतर त्यहाँ ५ मुठी धान र दुवो राखिन्छ त्यसपछि इनारमा सिन्दूर तथा गाजल छिटिन्छ र सुत्केरीलाई इनार डुबाई घरमा ल्याइन्छ ।

घरमा आएपछि सुत्केरी हातखुट्टा धोएर मात्र घरभित्र पस्दछन् । बेलुका घरभित्र र आँगनका देवतालाई बत्ती बाल्नु पर्दछ । त्यसपछि सुत्केरी बसेको घरमा जहाँ बच्चालाई सुताइएको हुन्छ त्यहाँ ५ मुठी धान र दुवो राखिन्छ त्यसपछि इनारमा सिन्दूर तथा गाजल छिटिन्छ र सुत्केरीलाई इनार डुबाई घरमा ल्याइन्छ ।

घरमा आएपछि सुत्केरी हात खुट्टा धोएर मात्र घरभित्र पस्दछन् । बेलुका घरभित्र र आँगनका देवतालाई बत्ती बाल्नु पर्दछ । त्यसपछि सुत्केरी बसेको घरमा जहाँ बच्चालाई सुताइएको हुन्छ त्यहाँ ५ वटा सिन्दूरको टीका लगाई त्यसको ठीक तल ५ वटै गाजलको टीका लगाएर बत्ती बालेपछि बच्चालाई स्याहार्ने स्त्रीले बच्चा त्यही राखी हे ! छैँठ परमेश्वरी यो नानीलाई विद्या देऊ, हाँसखेल गराउ, रुन्चे भगाउ, भनेर प्रार्थना गरी वरिपरि पानी छरी दिन्छन् । यिनीहरु नवजात शिशुको छैँठौं दिनमा भावीले भाग्य लेख्छ भन्ने कुरामा विश्वास गर्दछन् । एवम् प्रकारले छैँटी कर्म समाप्त हुन्छ । ६ दिनपछि सुत्केरी चोखिएको माने पनि १२ दिनसम्म घरको काम गर्दैनन् । सुत्केरी महिलालाई सुठो, भेली र दूध पकाएर दिनको २ पटक खुवाउने र शरीरमा तेल लगाई मालिस गरिदिने चलन छ ।

**ग) नामाकरण**

यहाँ नामकरण विधि सम्पन्न गर्दा कुनै त्यस्तो उत्सव गरिँदैन । नाम राख्ने पनि कुनै निश्चित नियम हुँदैन । घरको कुनै पनि व्यक्तिले नवजात शिशुको नाम राख्ने गर्दछ । खास गरी शिशुको नाम शिशु जन्मेको बार जस्तै आइतबार जन्मेको रवि, मंगलबार जन्मेको मंगला, बुधबार जन्मेको बुधन त्यस्तै महिनाको नाम अनुसार फागुनमा जन्मेको फगुवा, पुषमा जन्मेको पुष्पलाल, रङ्गको आधारमा काली, उजरी, गोरिया आदि नाम राख्ने गरिन्छ । बच्चा जन्मेको ठाउँ घटना देवी देवताको नामबाट पनि नवजात शिशुको नाम राख्ने गरिन्छ ।

यहाँका थारु समुदायमा अन्नप्रासन विधि गरिँदैन । बच्चा बामे सर्न थालेपछि अरुले खाएको देखेर उसले पनि टिपेर खान सुरु गर्दछ । आर्थिक स्थिति कमजोर भएका परिवारका महिलाहरु बच्चा ३-४ महिनाको भएपछि बाहिर काम गर्न जान्छन् । त्यस्तै

कमजोर आर्थिक स्थिति भएका घर परिवारका बच्चाबच्चीहरु सानै उमेरदेखि गाईवस्तु हेर्ने, घाँस काट्ने, माछ मार्ने, भाई बहिनीको स्याहार सम्भार गर्ने काममा सम्लग्न हुन्छन् ।

**घ) चुडा कर्म**

बालकको १ देखि १० वर्षभित्रमा चुडा कर्म (कपाल काट्ने) विधि गर्ने चलन छ । चुडाकर्म विधिलाई छुट्टै नगरिकन घरमा भए गरिएको पूजा उत्सव वा विवाहको दिनमा साइत जुराई पनि यो कार्य गर्दछन् । कसैले भन्ने पनि गर्दछन् । यो विधि गर्दा विहान घर लिपपोत गरी सफासुग्घर पारिन्छ । चुडाकर्म गर्ने बालकले नुहाएर नाउद्वारा कपाल काट्ने गरिन्छ । नाउले कपाल काट्दा आमाले सो कपाल आफ्नो अचलामा थाप्नु पर्दछ । सम्पन्न परिवारले कपाल काट्दै गर्दा देव घरमा स्थापित संसारी माई देवीलाई बोका काटेर बली दिई निमन्त्रणा गरी बोलइएका छिमेकी वा नातेदारहरुलाई भोज खुवाउँदछन् । कपाल काटिसकेर बोका बली दिएपछि बालकलाई नयाँ लुगा फेराइन्छ । भोज खाइसकेपछि राती नाँचगान तथा भजन कीर्तन पनि गरिन्छ ।

**ङ) विवाह**

हरेक समुदायमा महत्वपूर्ण संस्कार हो । यस संस्कारबाट नव दम्पतीहरुले सहवासको लागि सामाजिक अधिकार नयाँ सन्ततिहरुको निरन्तरता तथा नयाँ परिवारको सुत्राधार गरेका हुन्छन् । थारु समुदायमा आफ्नै उपजातिमा विवाह गर्ने गर्दछन् । संगोत्री विवाह मामा चेली, फूपु चेली विवाह हुँदैन । विवाह गर्दा ५ पिडीसम्म नाता हेरिन्छ । यिनीहरुमा देवर भाउजू विवाह साली भेना विवाह मान्य छ । केही वर्ष अगाडिसम्म यिनीहरुमा बाल विवाह प्रचलित थियो । हाल कानुनी रुपबाट हटिसकेको छ । यो समुदायमा विवाहको सन्दर्भमा स्त्रीहरु धेरै स्वतन्त्र रहेका हुन्छन् । पुरुषहरुमा जस्तै स्त्रीहरुमा पनि विधवा विवाह तथा पुनः विवाह मान्य छ । कुनै पनि महिला कुमारी अवस्थामा नै गर्भवती भै केटाले स्वीकार गरेन वा छाडेर गयो भने महिलाले बच्चा जन्माएपछि बाबुआमाले समाज राखी भोज खुवाउनु पर्दछ । यसपछि ती महिला चोखी मानिन्छीन् र फेरी खाफ्नै जातको केटासँगविवाह हुन सक्दछ ।

विवाह अघि जन्मेको बच्चालाई कसैले मामा घर राख्ने र कसैले आफैसँग लाने पनि गर्दछन् । त्यस्तै कुनै स्त्री आफ्नो लोग्ने छाडेर अर्को पुरुषसँग पोइल गई र पछि फेरि पहिलाकै लोग्नेसँग आउन चाही भने आउन सक्छिन् । यसका लागि पहिलाको लोग्नेले समाज राखी भोज खुवाउनु पर्दछ । आफ्नै नातामा केटाकेटीले प्रेम विवाह गरे वा केटी गर्भवती भई भने केटीलाई छुट्टाएर ल्याई भोज खुवाएपछि अन्यत्र विवाह गरिदिन्छन् । तर केटाकेटी छुट्टिन मानेनन् भने तिनीहरुलाई गाउँबाट निकाला गरिन्छ । यो समुदायमा नातामा विवाह गर्नु निन्दनीय मानिन्छ । विवाह गर्ने चलन कस्तो छ भनी सोधिएको प्रस्तुत अध्ययनमा निम्नानुसार पाइयो ।

**तालिका नं. २४**

**विवाह परम्परा**

| विवरण | परिवार | प्रतिशत |
|---|---|---|
| मागी विवाह | द्धछ | ढण |
| प्रेम विवाह | छ | ज्ञण |
| अन्य | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

उपरोक्त तालिका अनुसार यहाँको थारु समुदायमा ९०% परिवारहरु मागी विवाह गरेको पाइयो भने १०% परिवारमा प्रेम विवाह गर्ने गरेको पाइयो । यस अनुसार यहाँका थारुहरु मागी विवाहलाई प्राथमिकता दिने गरेको पाइन्छ । अक्सर कति उमेरमा केटाकेटीको विवाह गर्ने चलन छ भनी सोधिएको प्रस्तुत अध्यायमा केटाको उमेर १५ देखि २२ र केटीको उमेर १२ देखि २० वर्षसम्म भएको पाइयो ।

**तालिका नं. २५**

**विवाहमा हुने खर्च**

| विवरण | परिवार | प्रतिशत |
|---|---|---|
| केटाको विवाहमा बढी खर्च हुन्छ भन्ने | ज्ञण | ट्टण |
| केटीको विवाहमा बढी खर्च हुन्छ भन्ने | द्धण | डण |
| अन्य | छ्रण | ज्ञणण |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

यहाँको समुदायमा छोराछोरीको विवाह गर्ने उमेर पुगेपछि आमाबुबाको विवाह गरिदिने कर्तव्य हुन्छ । प्रायः मागी विवाह गर्ने चलन भएकोले केटाकेटीका आमाबुबा आफन्त तथा मान्यजनहरुसँग सरसल्लाह गरी प्रायः केटाहरु १५ वर्ष पुगेपछि र केटीहरु १२ वर्ष पुगेपछि अभिभावक समेतको सल्लाहमा विवाह गर्ने कुरो चलाउँद छन् । केटाकेटी र अभिभावक समेतको निर्णय गरेपछि आफ्नो धर्म कूल परम्परा र रीतितिथि अनुसार विवाह संस्कार सम्पन्न गर्दछन् ।

### च) मृत्यु संस्कार

थारु समुदायमा मृत्यु संस्कार विधि आफ्नै तरिकाले सम्पन्न गर्ने चलन छ तापनि यसमा हिन्दू धर्मको प्रभाव प्रशस्त परेको देखिन्छ । थारु समुदायमा मानिस अन्तिम अवस्थामा पुगेर वा अचानक कसैको मृत्यु भएमा सर्वप्रथम घरका मानिसले आफन्त तथा छरछिमेक बोलाउने गर्दछन् । रुँदै कराउँदै सबै मानिसहरु जम्मा हुन्छन् र लासलाई जलाउने वा गाड्ने तरखर गर्न थाल्छन् ।

लाश जलाउनु अघि बाबुलाई जेठो छोराले र आमालाई कान्छा छोराले दागबत्ती दिने चलन छ । यदि जेठो छोरो नभएमा कान्छो छोराले नै दिन्छ । लाशलाई जलाएपछि वा खाडलमा गाडेपछि सबै मानिसहरुले खोलामा नुहाउँदछन् र घर फर्किन्छन् । यहाँका थारुहरुले १३ दिनसम्म नै जुठो बार्ने गर्दछन् । सक्नेले १३ दिन नै किरिया बस्दछन्, नसक्ने १ दिनमात्र किरिया बसी उम्कन्छन् । घरायसी असजिलो परेमा समय मिलाएर किरिया बसे पनि हुन्छ । जसले दागबत्ती दिन्छ त्यसले नुन र तेल खानु हुँदैन । १० दिनसम्म सेतो लुगा लगाउनु पर्दछ । उसको सुत्ने, बस्ने तथा खाने ठाउँ अलग्गै हुन्छ । अथवा कर्ताले अरुसँग छुवाछुत गर्नुहुँदैन ।

मानिस मरेको १० औं दिनसम्म दसी भने विधि गरिन्छ ।  यसमा सबै भाइभतिजा तथा आफन्तहरुले नङ काट्ने तथा कपाल खौरने गर्दछन् । मृतकका छोराले भने १२ दिनमा नङ काट्ने तथा कपाल खौरने गर्नुपर्छ । १२ दिनका दिन सबै आफन्तहरु तथा छरछिमेकलाई दही चिउराको भोज खुवाउने गर्नुपर्दछ । १३ दिनको विधि अन्तिम विधि हो । थारुहरु यसलाई काम गरेको भन्छन् । सबै आफन्त तथा

छरछिमेकलाई भोज खुवाउनु पर्छ । भोज खान बोलाउँदा सुपारी दिएर निम्तो गर्नुपर्छ । भोज खाइसकेपछि आफ्नो क्षमता अनुसार ब्रह्माणलई लुगाफाटा, भाँडाकुडा, विस्तारा, पैसा आदि दान दिने चलन छ । जुठो बार्दा माछा, मासु, लसुन, प्याज, तेल आदि बार्ने चलन छ । यसपछि एकैचोटी बर्खान्त गरिन्छ ।

एक वर्षको समयसम्म जुठो बार्ने चलन पनि पाइन्छ । कसै कसैले बर्खान्त नगरिकन उत्सव गर्नु हुँदैन भन्छन् तर पञ्चदान गरिसकेपछि विवाह गर्न पनि छुट हुन्छ । पाँचदानमा गाई, छाता, धोती, विस्तारा, चामल र पैसा पर्दछन् । यिनीहरुमा १३ दिनसम्म गरिने विधि र वर्खान्तको विधि गर्दा घरभित्र नगरिकन गोठमा गर्ने चलन छ । एक वर्षको कामलाई यिनीहरु बर्खी भन्दछन् । बर्खी गर्दाको अघिल्लो दिन मासु खान हुँदैन । बर्खी गर्ने दिन कर्ताले कपाल खौरेर खोलामा गएर नुहाएर शुद्ध बस्त्र फेर्नु पर्छ र ब्रह्माणद्वारा विधि सम्पन्न गरिन्छ ।

यो विधि गर्दा मुख्यतः चामलको पिठोको पिण्ड बटारेर केराको पातमा राखी फूल अक्षता भेटी गंगाजल आदिले पूजा गरी ब्राह्मणले देवी देवताको नाम लिई मातृात्माको स्वर्गमा बास होस् भन्ने कामना गर्छन् । पिण्डलाई पूजा गरेपछि पिण्डलाई खोलामा लगेर बगाउँछन् र ब्राह्मणलाई दान दक्षिणा तथा भोजन गराइन्छ । यसरी विधि पूरा गरेर थारु जातिको मृत्यु संस्कार सम्पन्न गरिन्छ ।

यहाँको थारु समुदायमा गरिने संस्कारहरुमा परिवर्तन आएको पाइन्छ । जन्मेदेखि मृत्यु पर्यन्त गरिने विभिन्न संस्कारहरुमध्ये जन्म, विवाह र मृत्युलाई प्रमुख मानिन्छ । विवाह र मृत्युलाई जति महत्व जन्मलाई दिइएको पाइएन । यी संस्कारलाई पनि नियमित प्रक्रियाका रुपमा लिइएको पाइइो । जन्म संस्कारमा सुत्केरीलाई कोठामा गुम्साएर राख्ने, सुत्केरीलाई अन्य व्यक्तिहरुसँग छुवाछुत गर्न नदिने चलन, सुत्केरी गराउँदा अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजाने, आमा तथा बच्चाको सरसफाई तथा खानपिनमा अर्को व्यक्तिले सहयोग गर्ने गरेको पाइयो भने भरसक धेरै सन्तान नजन्माउन र निश्चित अन्तरालमा बच्चाहरु जन्माउनका लागि परिवार नियोजनका

साधनहरु प्रयोग गर्ने गरेको पाइयो । बच्चाको नाम, बार, महिना वा ठाउँको नामबाट नराखी प्रसिद्ध व्यक्त वा धार्मिक व्यक्तिको नामबाट राख्ने गरेको पाइयो ।

विवाह संस्कारमा १०/१२ वर्षको केटा तथा ७/८ वर्षकी केटीलाई अभिभावकद्वारा विवाह गरिदिने चलनमा परिवर्तन भएको पाइयो । केटा २० वर्ष र केटीहरु १७/१८ वर्ष भइसकेपछि केटाकेटीलाई रुजु गराएर विवाह गरिदिनु पर्छ भन्ने अभिभावकको धारणामा परिवर्तन भएको पाइयो । बढी पैसा खर्च गर्ने पुरुषहरु मात्र जन्ती जाने गरेकोमा महिला पनि वरियातको रुपमा जाने, अनावश्यक रुमपा एकै पटक कपडा खरिद नगरी आवश्यक कपडा मात्र खरिद गर्ने जस्ता पक्षहरुमा परिवर्तन भएको पाइन्छ ।

त्यस्तै मृत्यु संस्कारमा बाहुन क्षेत्रीको संस्कारलाई अवलम्बन गरेको पाइन्छ । मैथली ब्रह्मणबाट गरिने यी संस्कारहरु नेपाली ब्रह्मणबाट गरिन्छ । शवलाइ खोलामा लगेर जलाउने, मृतात्मालाई पिण्ड दान दिनु, काशीमा गएर पिण्ड दिनु, मासिक तिथिलाई १३ दिनभित्र उम्काउनु, वर्षदिनसम्म बस्नु पर्ने जुठो १३ दिनसम्म बार्नु यस संस्कारमा देखिएका परिवर्तनहरु हुन् ।

यस गाउँको थारु समुदायमा कठरीया, दंगोरिया, बन्तरिया, पूर्विया, पश्चिमा, कवर जोगी, आदिसँग स्थलगत अध्ययनमा छलफल गर्दा तपाईँको थर कठरिया भन्नुहुन्छ, जग्गा धनी प्रमाण पूर्जा र नागरिकताको प्रमाण पत्रमा चौधरी लेखेको छ नि ? भनी प्रश्न गर्दा ठाउँबाट आएर भनेको हो वास्तविक थर त चौधरी नै हो भन्ने प्रत्युत्तर पाउँदा यहाँको थारु समुदायमा पनि थर लेख्नमा परिवर्तन भएको आभाष पाइन्छ ।

यसका साथै यहाँको थारु समुदायको राजनीतिक क्षेत्रमा केही सुधारहरु आएको पाइन्छ । परम्परागत थारु समाजमा सम्पूर्ण शक्तिको स्रोत गाउँको मूली वा मुखियामा मात्र सीमित भएको पाइन्छ । धार्मिक कार्यहरु गुरुवाहरुको नियन्त्रणमा हुन्थे । देशमा कानुनी राज्यको स्थापना र खासगरी प्रजातन्त्रको पुनर्वहाली पछि थारुहरुको जातीय संगठन एवम् सामाजिक संरचनामा परिवर्तनहरु देखा पर्न थाले । प्रजातान्त्रिक

परिपाटीद्वारा समाजको नेतृत्व गर्न व्यक्तिलाई अभिमत दिनु, गलत काम गर्ने व्यक्तिलाई भोट नदिई नेतृत्वबाट हटाउनु, आफूलाई इच्छा लागेको राजनैतिक दलमा सहभागी हुनु, संगठित समूह बनी गलत कामलाई दवाव दिनु, राज्यका नीति नियम बारे सचेत हुनु आदि यहाँको थारु समुदायमा देखिएका राजनैतिक क्षेत्रमा आएका सकारात्मक पक्षहरु देखिन्छन् ।

### ५.१.११ चाडपर्व

हरेक समुदायले समुदायका सदस्यलाई मनोरञ्जन दिई आफ्नो सेवामा उत्प्रेरणा जुटाउनका लागि समय समयमा मिठा मिठा खाने कुराहरु खाने राम्रा राम्रा कपडाहरु लगाउने निश्चित् तिथि मिति निर्धारण गरेको पाइन्छ । यसले समुदायका मौलिकतालाई निरन्तरता दिनुको साथै समाजलाई मर्यादित रुपमा संचालन गर्न सहयोग पुऱ्याइएको हुन्छ । यी निश्चित तिथिमितिमा गरिने कार्यहरु परितर्वतन र परिभाषित हुँदै चाड पर्वको रुपमा धारण गरेको पाइन्छ । यस गाउँका थारु समुदायमा सालबसाली मनाइने यस्ता मुख्य चाड पर्वहरु निम्न छन् ।

#### क) नयाँ वर्ष

नयाँवर्ष शुरुहुने बैशाख १ गतेको दिनलाई यहाँका केही थारुहरुले पर्वको रुपमा लिएको पाइन्छ । घर आगन चोक सफा गर्ने, नयाँ लुगाहरु लगाउने, मीठा-मीठा खाने कुराहरु खाने, नयाँ वर्ष सुख शान्तिसँग वितोस भनी शुभकामनाहरु आदान प्रदान गर्ने गर्दछन् । नयाँ वर्ष शुरु भएपछि त्यस वर्षका पर्वहरु शुरु हुने भएकोले “फगुवा उसारेआ सिरुवा पसारे” भन्ने गरेको पनि पाइन्छ । नयाँ जोस जागर र हर्ष उल्लासका साथ यो पर्व मनाउने गर्दछन् ।

#### ख) नाग पञ्चमी

नाग पञ्चमीलाई यहाँका थारुहरु एउटा महत्वपूर्ण पर्वको रुपमा मनाउँछन् । यो पर्व श्रावण शुक्ल पञ्चमीको दिनमा पर्छ । पर्व आउनुभन्दा केही दिन पहिलेदेखि नै गाउँका युवायुवती, वृद्ध, बालक सबैमा उमङ्गको वातावरण आउँछ । पर्व आउनुभन्दा

केही दिन अघिदेखि नै केटा र केटीको आकारमा कपडाका रङ्गीविरङ्गी पुतलीहरु बनाउने कार्य गरिन्छ । यसरी बनाइएका कम्तिमा ४ वटा केटा र ४ वटा केटी पुतलीहरुलाई नाग पञ्चमीको विहानै चोयाको डालो वा सुपोमा राखी, खानाको लागि धानको लावा र दुध समेत राखिदिन्छन् । त्यसपछि गाउँका युवाहरुले दिनभरी काठको लठ्ठी बनाई त्यसलाई रङ्ग लगाउने र ध्वजाहरु बानी आकर्षक बनाई तयारी अवस्थामा राख्दछन् । साँझ घरमा बत्ती बाल्ने समयमा ती रङ्गीचङ्गी पुतलीको जोडीलाई डालो वा सुपोबाट निकालेर केराको लोकतोमा राख्दछन् । त्यसपछि टोल बासीहरु सबै जम्मा भएर बाजागाजा र ढोल बजाउँदै गाउँको नजिक नदी भए नदीमा र नभए ताल वा कुवामा गई केटीहरुले केराको लोकताको डुङ्गामा राखिएका पुतलीको जोडीलाई बत्ती बालेर पूजा गरी जलमाथि राखिदिन्छन् भने केटाहरुले दिनभरी तयार गरी राखिएको लठ्ठीले पुतलीको जोडीलाई पिट्ने वा डुङ्गालाई ढाल्ने गर्दछन् । त्यस समयमा बाजागाजा सहित रमाइलो गरिन्छ । पुतलीहरुलाई सेलाएपछि घरमा आई बिहान दुई दलीय खाद्य वस्तु केराऊ, चना, भट्टमास आदि तेलमा फुराई माछामासु र रक्सीसँग खाने गर्दछन् ।

### ग) श्रीकृष्ण जन्माष्टमी

श्रावण कृष्ण पक्षमा पर्ने अष्टमी तिथिलाई भगवान् श्रीकृष्णको जन्म दिन भएको विश्वास गर्दछन् । व्रत बस्ने इच्छुक व्यक्तिहरु ब्रत बस्दछन् । खासगरी महिलाहरु गाउँको नजिक पर्ने श्रीकृष्णको मन्दिरमा गई दिनभर भजन किर्तन गर्दछन् । साँझमा घरमा आएपछि अदृश्य भगवानलाई केही फलफूल चढाई प्रसाद स्वरुप आफूहरुले पनि खाई पर्व सम्पन्न गर्दछन् ।

### घ) बडकी आइतबार

यहाँको थारु समुदायमा यसलाई महत्वपूर्ण चाड मान्दछन् । भाद्र महिनाको कृष्ण पक्षमा पर्ने हरितालिका पछि आउने आइतबारको दिनमा यो पर्व सम्पन्न गरिन्छ । यो पर्व मनाउने क्रममा हरेक परिवारले आफ्ना छोरी ज्वाइँ, भान्जाभान्जी, फुपूचेली सबैलाई उपस्थितिको लागि निमन्त्रणा गर्दछन् । यो पर्वमा खाने कुनैपनि

परिकारमा नुनको प्रयोग गर्दैनन् । घरमा आउने वा आएका निम्ताहरुलाई चिनिदिन्छन् । अन्य खाद्य परिकारहरुमा रोटी, पुरी, दूध, दहीको प्रयोग गर्दछन् । अर्कोदिन बिहान सिधा दान गरेपछि मात्र ब्रत सकिएको विश्वास गर्दछन् ।

### ङ) पीतर औँशी

आश्विन कृष्ण औँशीको दिनलाई यहाँका थारु समुदायले महत्वपूर्ण पर्वको रुपमा लिने गरेको पाइन्छ । पितृहरुको सम्झनामा मनाइने भएकोले थारुहरु यसलाई पितर (पितृ) औँशी भन्दछन् । यस पर्वमा पनि आफ्ना नातागोता सबैलाई निमन्त्रणा गर्दछन् । पितृकार्य गर्ने कर्ताले १५ दिन पहिलेदेखि मासु खान हुँदैन । उक्त दिन नाउलाई बोलाई बिहानै कर्ताले कपाल, दाह्री जुँघा सबै खौर्दछन् । महिलाहरुले घरमा सफासुग्घर लिपपोत गर्दछन् । कर्ताले नुहाई धुवाई गरी घरको आँगनमा गाईको गोबरले लिपपोत गरी पिर्का राख्दछन् । पिर्का माथी पितृको प्रतिक स्वरुप १/२ मुठा काँसको कुचो जस्तो बनाएर छाता ओढाई राखेको अवस्थामा पितृको स्थापना गर्दछन् । पिर्का माथि स्थापना गरिएको पितृलाई घरमा बनाइएका खाद्य सामग्रीहरुका वस्तु चढाउँछन् । कर्ताले आफ्नो मान्यजनहरुमध्ये कम्तीमा १ जना सेचन गरेपछि उक्त कार्य समाप्त भएको मानिन्छ । त्यसपछि सबै पाहुना र घरका व्यक्तिहरुले माछामासु, जाँड रक्सी तथा मीठामीठा परिकारहरु खाने गर्दछन् । थारु जातिको पितृ कार्यमा सिधा उठाउँदा माछा अनिवार्य हुन्छ । घरको महिलाले पितृ घरमा प्रवेश गरोस् भनेर मूल ढोकामा सिन्दूर र गाजल लगाउनु पर्छ । यस तरिकाले पितर औँशी पर्व मनाउने गर्दछन् ।

### च) दस्य

दशैँ हिन्दूहरुको प्रमुख चाड हो तापनि यहाँका थारु समाजमा यसलाई त्यति महत्व दिएको देखिँदैन । पितृ औँशीको १० दिनपछि पर्ने भएकोले यसलाई दस्य भनेको विश्वास गरिन्छ । प्रतिपर्दाको दिन जमरा राख्दछन् र आफ्नो घरको देवतामध्ये कसलाई भाकल गरिएको छ सो को लागि नवमीको दिन बोका, पाठी, कुखुरा, परेवा आदिको बली चढाउँछन् । दशमीको दिन गाउँको प्रमुख व्यक्ति गुरौँसँग माछाको पेरुङ्गा

लिएर टिका थाप्न जान्छन् । पेरुङ्गामा माछा राखी गुरौँ कहाँ जम्मा हुने र त्यही माछामासु रक्सी खाई आनन्द लिने गर्दछन् । थारुले दशैँलाई त्यति महत्व दिएको देखिँदैन तापनि अन्य समुदायको प्रभावले गर्दा ब्रह्मण क्षेत्रीहरुले जस्तै मान्यजनहरुसँग टीका थाप्ने नातागोता बोलाउने र हासीखुसी रमाउने गर्दछन् ।

**छ) भित्तीयागौर सक्रान्ति**

यो पर्व दशैं सकिएको १६ दिनपछि पर्ने भएकोले थारुहरुले यसलाई "सोहराई" पनि भन्दछन् । हिन्दू धर्मका अन्य जातिहरुले तिहारलाई यमपञ्चक भनी ५ दिनसम्म तिहार पर्व मान्ने गर्दछन् भने यहाँका थारु जातिहरु कार्तिक शुक्ल पक्ष त्रयोदशीदेखि औँशीसम्मको दिनलाई भित्तीयागौर पर्व भनी मनाउँछन् । पहिलो दिनलाई यिनीहरु पीठकुटी भन्दछन् । किनभने त्यसदिन रोटी पकाउनका लागि पीठो कुटिन्छ । कुटिएको पीठोलाई भुटेर तातो पानीमा मुछी त्यसबाट गाई, गोरु, जाँतो, हलो आदि आकारका डल्लाहरु बनाई पानीको वाफमा पकाउने गर्दछन् । दोस्रो दिन सबै गाउँलेहरु मिली माछा मार्छन् । साँझपख भुटेको पीठोलाई फूल जस्तो चारकुने आकारको बनाएर ५ ठाउँमा ५ किसिमको रोटी जस्तै गोलाकारको बनाई तेलमा भिजाएर बत्ती बाल्दछन् । बेलुका पकाएको रोटीलाई थालमा हाली बस्तुहरुलाई ल तिमीहरुको भोली चाड छ है भन्दै रोटी देखाएर खुवाउने, तेल लगाइदिने तथा गोठमा १२ टुक्रा नर्कटको ढुङ्गो बनाएर बत्ती बाल्ने गर्दछन् । तेस्रो दिन अर्थात औँशीको बिहान गोठमा गाई वस्तुलाई सिँगारी पूजा गर्दछन् र अघिल्लो दिन बनाएर राखेको खाना दिने गर्दछन् । लक्ष्मीको पूजा गर्न आँगनमा भाले काट्ने खाने ठाउँमा हलो राखेर कालो पोथीको बली चढाउने पनि गर्दछन् । यो पर्व तीज जस्तै महिलाहरु कर्ता भै गर्ने गर्दछन् । दिनभरी भोको बस्न रातीमा खाना खाने गरिन्छ । यसलाई सरगही भनिन्छ । दर खाँदा कम्तीमा ५ जनालाई साक्षी राखेर खानुपर्छ भन्ने चलन छ । ब्रतको तेस्रो दिन भित्तामा महिलाहरु चित्र लेख्दछन् । पुत्र प्राप्तिको अपेक्षा राखिएको हुन्छ । राती चन्द्रमाको पूजा गरेर ब्रत तोडिन्छ ।

**ज) खिचडी (माघे सक्रान्ति)**

यहाँका थारु समुदायमा प्रचलित खाड पर्वहरुमध्ये खिचडी एक हो । माघ महिनाको पहिलो दिनम पर्ने यस चाडमा पुष महिनामा पकाएको खाने कुरा माघ महिनामा खानुपर्दछ भन्ने विश्वास गरिन्छ । पौष मसान्तसम्म बढी नै ठण्डी हुने भएकाले त्यस दिनसम्म पकाएको बासी खाए पनि हुन्छ । त्यसपछिकोब ासी खान हुँदैन भनी पुर्खाहरुले चलाएको नियम हो भनी विश्लेषण गरेको पनि पाइन्छ । यो पर्व मनाउँदा पौष मसान्तको बेलुका अनदी धानको चामल उसिनेर वा पकाएर केराको पात वा भोर्लेको पातमा पोका पारेर राख्छन् र माछामासु आदि भोली पल्ट नुहाई धुवाई गरी विभिन्न देवीदेवताको पूजा गरी खाने गर्दछन् । कोही कोही देवघाट, रिडी जस्ता धार्मिक स्थानहरुमा स्नान गर्न पनि जाने गर्दछन् । यो समुदायमा माछामासु तथा जाँडरक्सी जस्ता पेय पदार्थ बर्जित मानिदैन । मास वा बोडीको दाल, हलेदो, अदुवा राखी चामलमा घीउ समेत राखी बनाएको खिचडी नै खानुपर्छ भन्ने खास चलन चाहीँ छैन ।

**झ) संगट**

यो पर्व पनि महिलाद्वारा सम्पन्न गरिने पर्व हो । तिलको भेडा बनाएर जेठो छोरो वा देवरलाई काट्न लगाइन्छ । माघ कृष्ण पक्ष चतुर्दशीका दिन यो पर्व सम्पन्न गरिन्छ । यस ब्रतबाट पनि पुत्र प्राप्तिको अपेक्षा गरिन्छ ।

**ञ) फागु (होली) पूर्णिमा**


यहाँका थारुहरु होली पर्वलाई धुमधाम साथ मनाउँछन् । फागुन शुक्ल पूर्णिमाको दिनमा पर्ने यस पर्वलाई धार्मिक र मार्मिक दृष्टिकोणले नमनाई मनोरञ्जन पूर्ण रुपमा लिएको पाइन्छ । यस चाडलाई यहाँ फगुवा वा होली दुवैमा नमाले चिनिन्छ । हिरण्य कश्यपकी बहिनी होलिका मारिएपछि असत्य माथिको सत्यको विजय हुन्छ भन्ने देखाउन होलिकाले प्रतीक चीर गाडी जलाएर खरानी बनाएकोले यो चाडको नाम होली रहन गएको विश्वास राख्दछन् । यो पर्वको शुरुवात फाल्गुण शुक्ल

पक्ष तिथिका दिन कुनै एक बासको घना ल्याई गाउँको कुनै एक जमिन्दारको जमीनमा लिङ्गो गाडेपछि शुरु भएको मानिन्छ । लिङ्गो गाड्नेलाई सम्वत् गाड्ने भन्दछन् । लिङ्गो गाडेपछि जमिन्दारले ४ आना पैसा र एउटा सुपारी दिनुपर्दछ । त्यसपछि हरेक दिन साँझ भएपछि गाउँका केटहर भेला भएर गाउँमा फालिएको घुस्यान जममा गरी लिङ्गो गाडेको  स्थानमा ल्याई जम्मा गर्दछन् । चीर दाहको एक दिन अगाडी गोवरको गुईठा मागी ल्याएर जम्मा गर्दछन् । त्यसैदिन गाउँका टुटे फुटेका धातु वा प्लाष्टिकका वस्तुहरु जम्मा गर्दछन् । चीर दाहको एक दिन बिहान ४ बजे बाहुन ल्याएर जममा गरिएको घुस्यान गुईठा र टुटेफुटेका सामानमा आगो लगाई दिने कार्य गरिन्छ । ठीक उज्यालो हुँदा त्यो चीर दाह खरानीमा परिणत हुन्छ र त्यही खरानी टिकाको रुपमा लगाउँछन् । त्यसपछि रङ्ग अविर लगाउँदै गाउँका युवायुवतीहरु आआफ्नो परिवार वा समूहमा फगुवा खेल्दै घरघरमा हिँडछन् । यसरी माग्न हिँड्ने टोलीलाई एक भेली, १ कुरुवा चामल, सक्दो पैसा दिनु पर्दछ । यसरी फगुवा खेली जममा भएको वस्तुलाई नगदमा परिणत गराइन्छ । नगद जम्मा भएपछि सहभागी कर्ताहरुबाट माछा किनी बाँडेर घरमा लगेर खाने वा समूहमै खानपीन गरिन्छ ।

माथि उल्लेखित चाडपर्वहरु बाहेक यहाँको थारु समुदायका आफ्ना मौलिक पर्व तथा अन्य समुदायले मनाउने चाडपर्वहरु पनि मनाउने गरेको पाइन्छ । हरितालिका, ऋषि पञ्चमीमा व्रत बस्ने, रक्षा बन्धन गर्ने, दशैं तिहारमा टीका लगाउने, पाखुरामा १४ वटा गाँठो भएको अनन्त बाध्ने, गाई पूजा गर्ने, पिण्ड दान गर्ने, काँसी जाने, वार्षिक रुपमा श्राद्ध गरी पितृको सम्झना गर्ने, असारे एकादशी, ठूलो एकादशीमा व्रत बसी स्नान गर्ने, छठ पर्वमा सुर्यको पूजा गर्ने, चैते दशैं, रामनवमी आदिलाई पनि पर्वको रुपमा लिने, राष्ट्रिय पर्वहरुलाई चलन चल्ती अनुसार मनाउने गरेको पनि पाइन्छ । वर्तमान अवस्थामा टेलिभिजन, भिडियो हल, कम्प्युटर, नाटक प्रदर्शन, रेडियो र क्यासेटबाट विभिन्न गीत वा दृश्यहरु हेरेर वा सुनेर मनोरञ्जन लिने हुँदा जातीय मनोरञ्जनको रुपमा लिईएको झुमरा नाच लोप हुने अवस्थामा पुगेको देखिन्छ ।

## ५.२ आर्थिक स्थिति

कुनैपनि देशको आर्थिक वृद्धिदर नै त्यस देशको विकासको सुचक हो । आर्थिक वृद्धिकर त्यतिखेर मात्र उच्चतम रहन्छ जब त्यो देशमा बस्ने समाजका परिवारहरुको आर्थिक वृद्धिदर उच्च हुन्छ । आर्थिक वृद्धिदरलाई व्यक्तिले अपनाएको पेशा, आर्जन गरेको शिक्षा, शारीरिक स्वस्थता र रहनसहनले प्रभाव पारेको हुन्छ । विश्व वैंङ्कले गरीबी पहिचान गर्न दुई परिसुचकहरु समावेश गरेको पाइन्छ । जसमा आधारभुत आवश्यकताका वस्तुहरु खरिद गर्न आवश्यक पर्ने रकम र अन्य आवश्यकताहरु पुरा गर्ने अतिरिक्त रकम, दोस्रो जीवन स्तरसँग सम्बन्धित हुन्छ । संयुक्त राष्ट्रसंघले जुन राष्ट्रका व्यक्तिहरुको वार्षिक आय प्रति व्यक्ति २०० अमेरिकी डलर भन्दा कम हुन्छ, मुख्य पेशा कृषि बनाई ८० प्रतिशत भन्दा कृषिमा निर्भर रहन्छन्, गाउँमा बस्दछन्, २५ प्रतिशत भन्दा कम साक्षरता हुन्छ । प्राथमिक स्वास्थ्य उपचार पाउन सक्दैनन्, बालबालिकाहरु कुपोषणबाट ग्रस्त छन्, सरदर आयु कम छ, संचार सेवा उपलब्ध हुन सकेको छैन र विकसित राष्ट्रको तुलनामा ४४ गुणा राष्ट्रिय आय कम हुन्छ । त्यस्तो राष्ट्रलाई गरिबी वा विकासोन्मुख राष्ट्र भनी घोषणा गरेको पाइन्छ । नेपालमा सर्वप्रथम राष्ट्रिय योजना आयोगले यही आधारमा गरिबीको तह निर्धारण गरेको थियो । नेपाल विश्वको एक विकासोन्मुख मुलुक हो । यहाँका ४०% भन्दा बढी मानिसहरु गरिबीको रेखामुनी छन् । अधिकांश मानिसहरु गाउँमा बस्नु, परम्परागत कृषि पेशामा आधारित हुनु, शिक्षाको कमी हुनु, उद्योग धन्दाको विकास हुन नसक्नु, आधारभुत स्वास्थ्य सेवा, खाने पानी उपलब्ध हुन नसक्नु, जनसंख्या वृद्धिदर उच्च हुनु, शिशु र मातृ मृत्युदर उच्च हुनु, प्रतिव्यक्ति आय न्यून हुनु जस्ता सुचकहरुले गरिबी बढाएको पाइन्छ । नवलपरासी जिल्ला स्वाठी गा.वि.स.मा. बस्ने थारुहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था अध्ययन गर्नका लागि आवास, शिक्षा, पेशा, स्वास्थ्य जस्ता पक्षहरुलाई समेटी तयार गरिएको प्रश्नावलीको आधारमा प्राप्त चार्टहरुमा समेत प्रस्तुत गरी यसैको आधारमा स्थितिको विश्लेषण गर्ने प्रयास गरिएको छ । आर्थिक अवस्थामा प्रभाव पार्ने चरहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ-



समूदायमा रहेका परिवारको आर्थिक स्थिति भन्नु नै उसको स्वामित्वमा रहेको चल अचल सम्पत्ति हो । चल अचल सम्पत्तिको स्थितिलाई परिवारका सदस्यको ज्ञान, सीप, स्वास्थ्य र उसले अपनाएको पेशाले प्रत्येक्ष प्रभाव पार्ने भएको हुनाले र आय आर्जनको आधारमा आवासको स्थिति हुने भएकोले यस अध्यायमा आर्थिक स्थितिलाई देखाउने प्राप्त तथ्याङ्कको आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।

## ५.२.१ आवास

थारु जातीहरु परम्परादेखि एउटै समूदायमा बस्दै आएको हुनाले प्रायः एक्लै बस्न मन पराउँदैनन् । आर्थिक अवस्था सम्पन्न परिवारले पक्की घर बनाएका छन् भने अन्य परिवारले कच्ची वा फुसको घर बनाएको पाइयो ।

**तालिका नं. २६**

**घरको किसिम**

| सि.नं. | घरको किसिम | परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | कच्ची | द्दण | द्धण |
| २ | पक्की | ज्ञड | घट |
| ३ | झुपडी | ज्ञण | द्दण |
| ४ | अन्य | द्द | द्ध |
| जम्मा | | छ्रण | ज्ञण्ण |

श्रोतः स्थलगत सर्भेक्षण, २०६६

उपरोक्त तालिकाबाट स्पष्ट हुन्छकी यस गाउँका थारु समूदायमा ४० प्रतिशत कच्ची घर, ३६ प्रतिशत पक्की घर, २० प्रतिशत झुपडी घर र ४ प्रतिशतको घर नभएको पाईयो ।

प्राप्त तथ्याङ्कको आधारमा आवासीय स्थितिलाई विश्लेषण गर्दा आर्थिक रुपले सम्पन्न परिवारले पक्की घरहरु बनाउने र आर्थिक स्थिति कमजोर हुने परिवारले कच्ची तथा झुपडी घरहरु बनाउने गरेको देखिन्छ । यसका साथै कतिपय थारुहरु अर्काको घरमा भाडालिई बस्ने र हरुवाईमा अर्काको घरमा बस्ने स्थितिले आफ्नो घर नभएको देखिन्छ ।

### ५.२.२ जग्गाको वितरण

अचल सम्पत्तिका रुपमा रहेको जमीनको स्वामित्वलाई नेपाली समाजमा आर्थिक स्थितिलाई झल्काउने प्रमुख स्रोतको रुपमा लिईन्छ । आर्थिक स्थिति मजबुत हुने घर परिवारले मात्र बढी जग्गाको स्वामित्व प्राप्त गर्न सकेको पाइन्छ । यस गाउँको थारु समूदायमा जग्गाको स्वामित्वको वितरण निम्नानुसार छ-

**तालिका नं. २७**

**जग्गाको स्वामित्वको स्थिति**

| सि.नं. | विवरण | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १ विघा भन्दा बढी जग्गा हुने | ज्ञण | द्दण | |
| २ | १ विघासम्म जग्गा हुने | छ | ज्ञण | |
| ३ | १० कट्ठासम्म जग्गा हुने | छ | ज्ञण | |
| ४ | ५ कट्ठासम्म जग्गा हुने | ज्ञद्ध | द्दड | |
| ५ | नहुने | ज्ञट | घद्द | |
| जम्मा | | छण | ज्ञणण | |

श्रोत: स्थलगत सर्भेक्षण, २०६६

उपरोक्त तालिका अनुसार यस गाउँमा बसोबास गर्ने थारुजातीहरु मध्ये ३२ प्रतिशत परिवारसँग जग्गाको स्वामित्व भएको पाइयो भने ५ कट्ठासम्म हुने २८ प्रतिशत, १० कट्ठासम्म हुने १० प्रतिशत, १ विघासम्म हुने १० प्रतिशत र १ विघा भन्दा बढी हुने २० प्रतिशत परिवारहरु पाईयो ।

प्राप्त तथ्याङ्कको आधारमा जग्गाको स्वामित्वको स्थितिलाई विश्लेषण गर्दा यहाँको थारु समूदायमा १ विगाहा भन्दा बढी जग्गा हुनेको परिवार २० प्रतिशत मात्र देखिन्छ । प्रस्तुत अध्ययनको आधारमा यहाँको थारु परिवारमा ६.६ व्यक्तिहरुप्रति परिवार बसोबास गर्दछन् । ८० प्रतिशत परिवारहरु एक विगाहा भन्दा कमको जमिनलाई प्रयोग गर्ने भएकोले अर्ध बेरोजगारको स्थितिमा रहेको कृषिपेशामा पारिवारिक बेरोजगारको स्थिति उत्पन्न हुन सक्दछ । फलस्वरुप न्यून हुनगई आर्थिक वृद्धि दरमा समेत ह्रास आउँदछ । अर्को तर्फ ३२ प्रतिशत परिवारसँग आफ्नो स्वामित्वमा जग्गा नभएकोले उत्पादनमा उनीहरुको लगानि नै न्यून रहेको पाइयो ।

### ५.२.३ पेशा

आर्थिक स्थितिलाई प्रत्यक्ष प्रभाव पार्ने व्यक्ति वा परिवारको पेशा पनि एक महत्वपूर्ण पक्ष हो । यहाँका थारु समूदायको मुख्य पेशा कृषि हो । कृषिका साथसाथै स-साना घरेलु उद्योग, व्यापार र जागिर पनि गरेको पाइन्छ । परम्परागत रुपमा रहेको कृषि पेशामा सालाना एक वाली धान मात्र लगाई वर्षै भरी खाली राख्ने स्थितिमा, शिक्षाको विकास जनसंख्या वृद्धि जस्ता कारणहरुले गर्दा बालीमा विविधिकरण र व्यापारीकरणको सुरुवात भयो । उपभोक्तालाई आवश्यक पर्ने समानको उत्पादन र उपस्थिति पनि मानव विकासको क्रममा कामको बाँड फाँडमा पेशाको रुपमा स्थापित भयो । कृषि पेशामा बचेको समयलाई किसानहरुले आफूलाई चाहिएको समान उत्पादन गर्ने र बढी भएको समान अन्यत्र लगी बिक्री गर्ने चलनको सुरुवात भयो । त्यसै अनुरुप यहाँको थारु समूदायमा पनि आफूलाई छुट्टै उद्योगी वा व्यापारीको रुपमा स्थापित नगरी कृषि पेशाबाट बचेको समयमा घरेलु उद्योगहरु जस्तै हलो, जुवा बनाउने, हसिया हथौडाका बीडहरु बनाउने, डोरी बाट्ने, जाल बुन्ने, घरको छाना

छाउने, घर टहरा बनाउने, आरा काट्ने, काठका सामानहरु बनाउने आदि गरेको पाइन्छ । यस्ता उद्योगहरु खासगरी कृषि पेशासँग सम्बन्धित र जीवन निर्वाहका लागि सहायक सिद्ध रहेको पाइन्छ ।

त्यस्तै थारुका स्त्रीहरुले रङ्गी चङ्गी ढकिया बुन्ने, गुन्द्री चटाई बुन्ने, चीउरा बनाई बिक्री गर्ने र रक्सी बनाउने गरेको पनि पाइन्छ । यहाँका थारुहरुले आफूलाई व्यापारिक पेशामा सम्पूर्ण संलग्न नगराई कृषिका साथ साथै दैनिक उपभोगका सामानहरुको व्यापार गरेको भने पाइन्छ ।

व्यक्ति वा परिवारको पेशाबाट आर्थिक स्थितिलाई दर्शाउँछ । यस गाउँमा बस्ने थारुजातीहरुको पेशागत विवरण निम्नानुसार पाईयो-

**तालिका नं. २८**

**पेशागत विवरण**

| सि.नं. | विवरण | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | घछ | ठण | |
| २ | व्यापार व्यवसाय | द्द | द्ध | |
| ३ | नोकरी (सरकारी) | ज्ञ | द्द | |
| ४ | नोकरी (प्राईभेट) | घ | ट | |
| ५ | अन्य (मजदुरी) | ढ | ज्ञड | |
| जम्मा | | छण | ज्ञण्ण | |

श्रोतः स्थलगत सर्भेक्षण, २०६६

उपरोक्त तालिका अनुसार स्पष्ट हुन्छकी यहाँका ७० प्रतिशत परिवार थारुहरु कृषि पेशामा संलग्न छन् भने ४ प्रतिशत उद्योग व्यवसाय, २ प्रतिशत सरकारी नोकरी, ६ प्रतिशत प्राईभेट नोकरी र १८ प्रतिशत थारुहरु अन्य पेशामा संलग्न भएको पाईयो । (अन्य पेशा भन्नाले स्वदेशी वा विदेशी, सरकारी वा गैर सरकारी जागिर गाडी ड्राईभरहरुलाई जनाइएको छ ।

यहाँका थारुहरुको मुख्य पेशा कृषि भए तापनि कृषिका साथै पशुपालन, फलफुल र तरकारी खेती, सानातिना उद्योग तथा व्यापार पनि गरेको पाइन्छ । आफ्नो जमिन ज्यादै कम हुने वा नहुनेहरु भने बेरोजगार वा अर्द्धबेरोजगार हुने भएकोले मजदुरी तथा नोकरीमा लागेको पाइन्छ । कतिपय थारुहरु जग्गाधनीको घरमा ज्याला मजदुरी वा नोकरीमा लागेको पाइन्छ । जग्गाधनी कहाँ नोकरी गरी बस्नेलाई जग्गाधनीले महिनावारी वा वार्षिक पैसा धान र चामल दिएको पाइन्छ ।

यहाँका कतिपय थारुहरु गाडी, रिक्सा चलाउने, कल कारखानामा काम गर्ने र नेपाल सरकार तथा अन्य गैह्र सरकारी संस्थामा पदस्थापना भै काम काज गर्दै आएको पनि पाइन्छ ।

व्यक्ति वा परिवारलाई विभिन्न स्रोतवाट प्राप्त हुने आयबाट आर्थिक स्थिति थाहा पाउन गरिएको यस अध्ययनमा यहाँको थारु समूदायमा निम्न बमोजिम आय स्तर भएको पारिवारिक विवरण पाईयो ।

**तालिका नं. २९**

**आय स्रोतको आधारमा पारिवारिक विवरण**

| सि.नं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वार्षिक रु.१०,००० सम्म आय हुने | ज्ञण | द्दण |
| २ | वार्षिक रु.२५,००० सम्म आय हुने | ज्ञठ | घद्ध |
| ३ | वार्षिक रु.५०,००० सम्म आय हुने | ज्ञघ | द्दट |
| ४ | वार्षिक रु.५०,००० भन्दा बढी आय हुने | ज्ञण | द्दण |
| जम्मा | | छ्रण | ज्ञणण |

श्रोतः स्थलगत सर्भेक्षण, २०६६

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा यहाँको थारु समूदायमा बार्षिक रु.१०,००० सम्म आय हुने २० प्रतिशत, रु. २५,००० सम्म आय हुने ३४ प्रतिशत, रु.५०,००० सम्म आय हुने २६ प्रतिशत, रु ५०,००० भन्दा बढी आय हुने २० प्रतिशत परिवार भएको पाईयो ।

यहाँका थारु जातीहरुको मुख्य पेशा कृषि हो । कृषिको साथ साथै पशुपालन, व्यापार व्यवसाय, उद्योग धन्दा र जागिर पनि गर्छन् । संयुक्त परिवार भएको परिवारले सदस्यहरुबाट क्षमता अनुसार कामको बाँड फाँड गरी व्यापार तथा जागीर गरे तापनि कृषि पेशालाई नै मुख्य पेशा अपनाई आएको पाइन्छ । यस अध्ययन अनुसार यहाँको ७० प्रतिशत थारु जातीहरु कृषि पेशामा संलग्न भएको पाइयो भने ३० प्रतिशत परिवारहरु गैर कृषि पेशामा संलग्न छन् । गैर कृषि पेशा मध्ये ११ प्रतिशत थारुहरु बटैया र मजदुरी गरेका पाइन्छ । तराईका जमिन्दार भनेर कहलाईएका थारु चौधरीहरु यस गाउँमा १ विगाहा भन्दा बढी जग्गाको स्वामित्व हुनेहरुमा २० प्रतिशत मात्र भएको पाइयो । ३२ प्रतिशतसँग केवल घर घडेरीको लागि मात्र जग्गाको स्वामित्व भएको पाइन्छ तापनि तिनीहरुको मुख्य पेशा कृषि नै अपनाइएको पाइन्छ ।

यसरी जग्गाको स्वामित्व कम गराउँदै जानुमा युवा पुस्ता कृषि पेशामा संलग्न नभै शिक्षा हासिल गर्ने र व्यापार व्यवसाय गर्ने वा स्वदेशी वा विदेशी रोजगार खोज्नु हो । कृषि पेशामा आएको विकर्षणका बारेमा शोधकर्ताबाट गरिएको स्थलगत अध्ययनमा छलफल गर्दा परम्परागत कृषि प्रणालीमा परिवारको बनौट संयुक्त हुनाले कृषि उत्पादनका लागि चाहिने मानवीय शक्ति घरमै उपलब्ध हुनु उद्योगधन्दाको विकास नहुनु वैकल्पिक पेशा नपाउनु जस्ता कारणले गर्दा कृषि पेशाको विकल्प नभएकोमा हाल आएर शिक्षाको विकास परिवारको ढाँचामा परिवर्तनआई एकल परिवारको अवधारणा लगानी अनुसार कृषि पेशामा आय आर्जन हुन नसक्नु रासायनिक मलको मूल्यमा अतिनै वृद्धि र आवश्यकताको समयमा उपलब्ध हुन नसक्नु यान्त्रिक तथा मान शक्तिको चर्को मूल्य र उत्पादित कृषि वस्तुको प्रतिस्पर्धाको आधारमा मूल्य न्यून हुनुले पेशामा परिवर्तन भएको पाईयो । कृषि पेशालाई मुख्य आधार मानी परिवारको परम्परागत रुपमा एक खेती मात्र नलगाई जमीनलाई खाली नराखी खेती गर्ने जस्तै धान, आलु, मकै वा धान, गहुँ, मकै गराई घुम्ती बाली लगाउने नगदे बाली बढी लगाउने गरेको पाईयो । कृषिको साथ साथै उन्नत जातका गाई भैंसीहरु पाली दुध उत्पादन गरेर नजिकैको बजार सुनवल वा दुग्ध संकलन केन्द्रमा बिक्री गरी आय आर्जन गर्ने तर्फ उन्मुख हुनुको साथै युवा पिडी बैदेशिक

रोजगार तर्फ आकर्षित भएको हुँदा परम्परागत रुपमा रहेको कृषि पेशामा परिवर्तन भएको पाइन्छ ।

दैनिक जीवन निर्वाहका लागि चाहिने आवश्यक वस्तुहरुको उत्पादन र उपभोगमा परिवर्तन आएको पाइन्छ । जीवन निर्वाहको मुख्य स्रोत जमीननै हो भन्ने यहाँको थारु समूदायमा बालीमा विविधिकरण गर्ने अनुकूल अवस्था हेरी जमीनमा फसलहरु लगाउने रासायनिक र प्राङ्गारिक मल मिलाएर प्रयोग गर्ने दुध बिक्री गरी आय आर्जन गर्नका लागि वस्तुभाउमा नस्ल सुधार गराउनु, मानिस अथवा पशुको सहायताबाट गरिने कृषि कार्यहरुमा मेशिनको प्रयोग गर्नु बजारको माग हेरी तरकारी उत्पादन गर्नु जस्ता उत्पादन पक्षका परिवर्तनहरु पाइन्छन् भने सन्तुलित खाना जस्तै नवजात शिशु बढ्दो बालक बुद्धिको काम गर्ने व्यक्ति गर्भवती वा सुत्केरी महिला वृद्ध र शारीरिक परिश्रम गर्ने व्यक्तिलाई अनुकूलको खाना खान दिनु, संस्कार वा पर्वहरुमा आधुनिक खाना बनाउनु र आर्थिक स्थितिलाई समेट्ने गरी उपभोग गर्नु, गुजुमुज्ज भएको झुपडीहरुको सट्टा धेरै कोठाहरु सहितको पक्की घर निर्माण गर्नु, झ्याल नराखी बनाईने गरेका घरमा झ्यालहरु राखेर बनाउनु, कमिज र भेगई लगाउने चलनलाई दौरा सुरुवाल, कमिज पाईन्ट लगाउनु, उपभोग्य बस्तुहरु बजारमा उपलब्ध हुनुले उपभोगका पक्षमा परिवर्तन ल्याएको पाइन्छ ।

परिवर्तन समयको माग हो । समाजको चाहना हो । क्रियाशील मानवको उपज हो । गतिशिल संसारको स्वरुप हो । यो ब्रहामाण्ड र यसका उपजहरु यथास्थितिमा रहेको भए वर्तमान समाजको अस्तित्व हुने थिएन होला । यस कारण सकारात्मक परिवर्तन आवश्यकता हो भने नकारात्मक परिवर्तन मानव मात्रको खोजको विषय भएको छ ।

# अध्याय छ

# सामाजिक आर्थिक परिवर्तन

## थारु जातिमा भएको परिवर्तन

आज नेपाल र भारत सहित सिँगै विश्ववाट जातिभेद, रंगभेद, उत्पीडन, छुवाछुत जस्ता अमानवीय संस्कृतिलाई पूर्णरुपले उन्मूलन गरी देश र जनताको सर्वोपरि हितको निमित्त न्याय, समानता प्रजातन्त्र र मानव अधिकार वहालीका लागि समतामूलक समाजको निर्माण गर्ने अभियानलाई विकसित पार्नु आजको वैज्ञानिक युगको माग समेत बनेको छ । जातीय विभाजन र सामन्तवादी उत्पीडन कायमै रहने स्थितिवाट देशका प्रगती असम्भव छ ।

गणतन्त्र स्थापना पछि नेपालको अन्तरिम संविधान २०६३ ले दिएको आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक एवं राजनैतिक सुधार र परिवर्तनले यस जातिमा पनि केही मात्रामा परिवर्तन आएको छ । जसलाई निम्नलिखित रुपमा संक्षेपमा प्रस्तुत गरिएको छ ।

## ६.१ सामाजिक संस्कृतिमा परिवर्तन

सामाजिक एकता र सद्भावनाको जागरण बढ्दै गएको पाइन्छ । पहिलेको जस्तो पहाडीहरु जसलाई उनीहरु पर्वतिया (उनीहरुको भाषामा भन्थे) लाई देख्ने वित्तिकै डराउने, बोल्न लाज मान्ने, डराउने तर भारतबाट आएका मधिसेहरु (जसलाई उनीहरु आफ्नो भाषामा बजिया भन्दथे) लाई हेप्ने प्रवृत्ति कम हुँदै गई सामाजिक चेतनाका लहर बढेको पाइन्छ । अहिले प्रायः प्रत्येक गाउँमा पहाडी समुदाय सँग सँगै घर बनाई बस्न थाले पछि एक आपसमा मिलेर बस्ने र परेको बेला सहयोग गर्ने र सहयोग दिने समेत गर्न थालेको पाइन्छ । यस गा.वि.स.मा स्याङ्जा, पर्वत तिरबाट आई अर्थात पहाडतिरबाट आई गाई, भैंसी पाल्ने परिवारलाई उनीहरुले गन्ध पनि राम्रो मान्दैन थिए । दुध घिउको बास्नालाई उनीहरु गन्धको संज्ञा दिई बान्ता आउँछ भन्थे

तर आज यिनै जातिले आफै गाई भैंसी पाली दुध दुने र खानपिन गर्न थालेका छन् । छोरा छोरी धेरै जन्माउनु हुँदैन भनि परिवार नियोजन गर्ने र छोराछोरीलाई राम्रो शिक्षा दिक्षा दिनुपर्छ भन्ने चेतना आएको छ ।

अब विवाह र अन्य चाड पर्वमा जाड रक्सी र धुमधाम गरी बढी खर्च गर्नु उपयुक्त हुँदैन भन्ने धारणा समेत यीनीहरुमा आएको देखिन्छ । पहिले पहिले काठ दाउराका लागि जंगल फडानी गरी जग्गा समेत हकभोग गर्ने चलन थियो । रातभरि ठूला ठूला दाउराका मूढाहरु सल्काएर राखिन्थे भने हाल आएर स्वयं सामुदायिक वन जंगलप्रति अभिप्रेरित भएको पाइन्छ । गाई गोरु पनि सिमित मात्रामा पाल्ने चलन छ । पहिले पहिले खेत जोत्ने गोरु र राँगाका लागि वंगालका वंगाली गाईहरु र भैंसी पाल्ने चलन थियो । घरको एकजना दिनभरी नै ति गाई गोरुको गोठालो जानु पर्दथ्यो । काठका पांग्रा भएका गाडा (लढिया) हरु हुन्थे हाल आएर टायर गाडाहरुमा परिणत भएको पाइन्छ ।

## ६.२ आर्थिक अवस्थामा परिवर्तन

थारु जातिले परम्परा देखिनै कृषि व्यवसायलाई नै मुख्य पेशाको रुपमा अंगाल्दै आए तापनि यिनीहरु अब केवल आफ्नै गाउँमा मात्र नबसेर देश विदेशका विभिन्न ठाउँमा गएर सानो तिनो नोकरी र पैसा कमाउने धन्दातिर लागेको देखिन्छ । आर्थिक अवस्थामा यिनीहरु निकै दयनीय अवस्थामा भएपनि आफ्नो आर्थिक अवस्था सुधार्नका लागि यिनीहरु कृषि व्यवसायका साथै घर बनाउने, शहरहरुमा गै रिक्सा चलाउने, मौका अनुसार ज्यालादारी काम गर्ने, काठको कामहरु गर्ने र आ-आफ्नो घरमा विभिन्न पशुपंक्षीहरु पाल्ने र तिनीहरुलाई विक्री वितरण गरी अर्थ संकलन गर्ने पनि गर्दछन् । आफ्नो कृषि व्यवसायलाई अधिक फलदायी बनाउन केही मात्रामा भए पनि रासायनिक मल र आफैले तयार पारेको कम्पोष्ट मल पनि प्रयोग गर्न तल्लीन देखिन्छन् । धान वालीको लागि विउ पनि उन्नत जातको खोज्न थालेका छन् । नेपाल सरकारले कमैया प्रथाको उन्मुलन गरेको घोषणाले अझ चेतनाशिल बनाई, आर्थिक

अवस्था सुधार्नका लागि चनाखो भएको देखिन्छन् । युवाहरु पनि त्यसै बरालीएर हिड्नको सट्टा केही न केही गरेर सानो तिनो आम्दानी बढाउन चाहान्छन् ।

पहिले पहिले जस्तो अबका महिलाहरु केवल घरमा मात्र सिमित नभई ज्यालादारी काम र मेलापातमा लागेका पाइन्छन् र उनीहरु पनि आर्थिक कमाईमा ठूलो सहयोग गर्न थालेको देखिन्छन् । यहाँका थारुहरुले मात्र खान नपुग्ने हुँदा फुर्सदमा सबै घरका सदस्यहरु समेत अर्काको खेती कमाउनका साथै आफ्नो खेतबारीमा पनि बढी भन्दा बढी उत्पादन गर्न काममा व्यस्त देखिन्छन् । परिवार नियोजन गर्न तर्फ पुरुष भन्दा महिलाहरु नै अग्रसर भएको पाइन्छ । नजिकै छिमेकी राष्ट्र भारत रहेको र त्यहाँको परिवार नियोजन सम्बन्धी नितीले नेपालका थारु महिलालाई पनि आकर्षित गरेको पाइन्छ । स्थाई बन्धाकरण पश्चात केही रकम र भाडा कुडा समेत दिने हुनाले उतैतिर आकर्षित भएको पाइन्छ । यसरी महिला जाति आफ्नै अग्रसरतामा सन्तानको नियन्त्रण गरी परिवारमा सन्तुलन ल्याई आर्थिक स्थितिलाई सुदृढ बनाउन चाहान्छन् ।

## ६.३ शैक्षिक स्थितिमा परिवर्तन

अध्ययनको क्रममा घरमुलीहरुसँग सोधिएको शैक्षिक अवस्थामा बुढापाकाहरुले आफुले पहिले देखि नै अर्काको घरमा हलो जोत्ने र अर्काको काम गर्नु पर्ने स्थिति भएको बताए । उनीहरुको समयमा पढ्नु पर्छ भन्ने शैक्षिक चेतना पनि थिएन । भएका सिमित पाठ्शालाहरुमा केवल ठुलावडाका ब्राह्मण क्षेत्रीहरुका छोराछोरीले मात्र पढ्दथे । तर हाल आएर यस जातीमा पनि पढनु पर्ने रहेछ भन्ने चेतना बढेको देखिन्छ । कति घरमुलीले त नपढेकोमा निकै पश्चाताप पनि गरेको पाइन्छ । गणतन्त्र उदयको घाम यस जातीमा पनि लागेको छ । जसका कारण आफुले अर्काको हलो जोतेर, मजदुरी गरेर भए पनि आफ्नो छोराछोरीलाई स्कुल पढ्न पठाउने कामको थालनी गरेको कुरा उनीहरु बताउँछन् । अध्ययन छनौटका घरमूलीहरुमा एकजना प्रविणता प्रमाणपत्र तह, पाँचजना एस.एल.सी. उत्तीर्ण भएको पाईयो । आजभोली यस क्षेत्रमा माध्यमिक विद्यालयहरु स्थापना भएको कारण गाउँका केटाकेटीहरु स्कुल जान्छन् र अब त छोराछोरीले पढ्नु पर्छ भनेर स्कूल पठाएको पनि देखिन्छ । हाल मा.वि. पढ्दै गरेका

पुरुष ४.७५ प्रतिशत र महिलाहरु ६.०९ प्रतिशत देखिन्छ । निःशुल्क शिक्षाको कारणले पनि यस जातीमा छोराछोरीहरुलाई पढाउने मनोबल बढेको र ब्राह्मण, क्षेत्री र अन्य समाजको घुलमिलले गर्दा पनि शैक्षिक जागरण बढेको देखिन्छ । साथै रेडियो र अन्य माध्यमबाट नेपाल सरकारले प्रदान गर्ने शैक्षिक कार्यक्रमहरुले पनि शैक्षिक जागरण ल्याएको थाहा पाइन्छ ।

यसैले के भन्न सकिन्छ भने यहाँका थारु जातीहरुमा शिक्षाको चेतना विस्तारै बढ्दै गएको छ र भविष्यमा शैक्षिक अवस्थाले राम्रो स्थान लिन सक्ने आशा गर्न सकिन्छ ।

## ६.४ धार्मिक परिवर्तन

धेरैजसो बुढापाकाहरुमा अन्धविश्वास र रुढिवादी (भूत, प्रेत, पिचास) जस्तो कुसंस्कारको भावना भए तापनि युवावर्गहरुमा यस्तो कुराहरुमा विश्वास नरहेको देखिन्छ । विरामी पर्दा हिजोका दिनमा जस्तो धामी झाक्री गुरुवालाई मात्र लगाउनु बाहेक आज भोली डाक्टर कहाँ र हेल्थपोष्टमा जाने चलन आएको छ । यहाँका थारुहरुले आफ्नै परम्परा अनुसारको रीति रिवाज मान्दै आए तापनि हाल आएर सत्यनारायण पूजा सप्ताह, रुद्री आदि जस्ता हिन्दु धर्मका रिती रिवाजलाई पनि अंगाल्ने गरेका छन् । साथै ब्रत चोखो खाने, एकादशी, औंसीं पूर्णी पर्वहरुमा समेत हिन्दु धर्म अनुरुपको परम्पराहरुलाई मान्न थालेका छन् । त्यसैगरि तिहारमा देउसी, भैली खेल्ने, जाँड रक्सीको ठाउँमा चिया सर्वतको सेवन गर्ने र पाहुँनाहरुलाई पनि त्यसैगरी स्वागत गर्ने प्रचलन आएको छ ।

## ६.५ राजनीतिक परिवर्तन

पहिले देखि नै यहाँका थारु जातिलाई राजनीतिक नेताहरुले भोट वैंकको रुपमा प्रयोग गर्दथे । थारुहरुको भोट पनि प्रायः एउटै उम्मेदवारमा जान्थ्यो । यही फाईदालाई देखेर प्रायः सबै राजनीतिक व्यक्तिहरु यहाँ विकास र थारु जातिका उत्थानका निम्ति अनेकौं आश्वासनहरु बाँडद्थे । ०४६ साल पश्चात पछि पनि यहाँका थारु जातिका

निम्ति जुन सुकै पार्टीलाई मत दिएपनि कसैले केही नगरेको गुनासो उनीहरु बताउँ छन् । अझ केही पार्टीले त ४/४ विघा जग्गा बाँडने समेत आवश्वासन दिने गरेका समेत बताउँछन् । कुन पार्टीको घोषणा पत्रमा के छ र कस्तो र कुन पार्टीको उम्मेदवार हो भन्ने कुरा समेत थाहा नहुने थारु जातिमा भने हाल आएर ठूलो परिवर्तन आएको देखिन्छ ।

यहाँ थारुहरु अब हिजो जस्तो कसैले आश्वासन दिदैंमा मत दिन तयार देखिदैनन् । यहाँका युवाहरुमा राजनैतिक चेतना बढेको छ । हरेक पार्टीका विषयमा र देशमा भइरहेको राजनीतिक उथलपुथलका विषयमा यहाँका थारुहरुलाई ज्ञान हुँदै आएको देखिन्छ । अब पहिले जस्तो सबैको भोट एकै ठाउँमा नगई आ-आफ्नो विवेकले मत प्रयोग गर्ने चेतनाको लहर आएको छ । थारु जातिका युवाहरु आ-आफ्नो पार्टीका लागि चुनाव प्रचार प्रसार गर्दछन् र महिलाहरु पनि राजनीतिक बहुदल संवैधानिक राजतन्त्र, लोकतन्त्र, माओवाद इत्यादि विषयमा चासो राख्न थालेको पाइन्छ । लैङ्गिक समानता र अधिकारका विषयमा बिस्तारै नयाँ युवतीहरुले बुझ्न थालेका छन् । हाल गा.वि.स. र वडा स्तरमा महिला सहभागिता निकै बढेको पाइन्छ । अझ वडामा एक महिला प्रतिनिधिको अनिवार्य सहभागिताको व्यवस्थाले पनि राम्रो सहयोग पुऱ्याएको छ । विभिन्न गैर सरकारी संस्थाहरुले पनि राजनैतिक चेतना जगाउनमा मद्दत पुऱ्याएका छन् । त्यसैले के भन्न सकिन्छ भने थारु जातिमा पनि राजनीतिक चेतना बढ्दै आएको छ र प्रजातन्त्रको उपभोग गर्दै मनपरेको प्रतिनिधि छान्न सक्ने विवेक प्रयोग गर्न यिनीहरु सक्षम देखिन्छन् ।

# अध्याय सात

# सारांश, निष्कर्ष तथा सुझावहरु

## ७.१ सारांश

नेपालमा बसोबास गर्ने ५९ जनजातीहरुमध्ये थारु पनि एक जनजाती हो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराई क्षेत्रमा अनेकौ थर भएका थारुहरु बसोबास गर्दछन् । यस्ता अनेक थरहरुमध्ये यस गा.वि.स.मा मुख्यतया कठरिया, दंगोरिया, चौधरी, रौतार, पुर्विया थारु, पश्चिमी थारु, कवर जोगी आदि बसोबास गर्दछन् । आफ्नो भाषा, भेषभुसा र संस्कृति बोकेका थारुहरु परम्परादेखिनै यस क्षेत्रमा बसोबास गर्दै आईरहेका छन् तापनि कहिले कसरी र कहाँबाट आए भन्ने बारेमा विद्वानहरुबीच नै विवाद पाइन्छ । कसैले यिनीहरुलाई आर्यमुलका मान्दछन भने कसैले मंगोलियन मुलका भनी विश्वास गर्दछन् । शारीरिक बनौट मंगोलसँग मिल्दो जुल्दो छ भने शरीरको रंग, भाषा र अधिकांश संस्कारहरु आर्य जातीसँग मिल्दा जुल्दा पाइन्छन् ।

प्रस्तुत अध्ययनमा प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गर्दा आर्थिक तथा सामाजिक पक्षका चरहरुमध्ये जनसंख्या, शिक्षा, स्वास्थ्य, रोजगार, रहन सहन, खानपान, भेषभुसा आदिमा यसप्रकार भएको पाईयो । यहाँको थारु समूदायमा ४८.१८ प्रतिशत महिला र ५१.८२ प्रतिशत पुरुषहरु छन् । प्रति परिवार ५ बर्षसम्मको जनसंख्या ०.९ प्रतिशत ६ देखि १५ बर्षसम्मको १.२६ प्रतिशत, १६ देखि ६० बर्षसम्मको ४ प्रतिशत र ६१ बर्षदेखि माथिको ०.४४ प्रतिशत व्यक्तिहरु रहेका छन् । अधिकांश परिवारको मुख्य पेशा कृषि हो । कृषिको साथसाथै पशुपालन, ज्याला मजदुरी, जागीर तथा व्यापार व्यवसाय गर्ने गरेका छन् । मुख्य पेशा कृषि भए तापनि २८ प्रतिशत परिवारसँग ५ कठ्ठासम्म मात्र जग्गाको स्वामित्व छ । ४० प्रतिशत घरहरु कच्ची, २० प्रतिशत घरहरु झुपडी छन् । ४६.३४ प्रतिशत प्रा.वि., ३०.४८ प्रतिशत नि.मा.वि., १५.८५ प्रतिशत मा.वि., ६.०९ प्रतिशत एस.एल.सी. र १.२१ प्रतिशत प्रविणता प्रमाणपत्र तह सम्म शैक्षिक अवस्था देखियो । २८ प्रतिशत गर्भवती महिलाले नजचाउने गरेको पाइन्छ भने

७४ प्रतिशतले परिवार नियोजनका साधनहरु प्रयोग गर्दछन् । ५६ प्रतिशतले चर्पीको प्रयोग गर्दैनन् ।

यहाँका थारुहरु हिन्दू धर्मालम्बी हुन् । देवनागरिक लिपीको थारु भाषा यिनीहरुको बोली चालीको भाषा हो । नेपाली भाषालाई पनि यहाँका थारुहरु शुद्धसँग बोल्न र लेख्न सक्दछन् । अधिकांश परिवारहरु संयुक्त परिवारमा बस्न मन पराउँद छन् । यिनीहरु सानासाना झुपडीमा एउटा झ्याल राखी घरहरु बनाउदथे र देवताघर, भान्साघर भनी छुट्याउथे । आजकल घर बनाउँदा विभिन्न कोठा र झ्याल राखी घर बनाईन्छ । अन्य जातीको छर छिमेकमा गई घर बनाई बस्ने गरेको पाइन्छ । यिनीहरुको पर्व र संस्कारहरु आफ्नो जातीय परिपाटी अनुसार सम्पन्न गर्दछन् । बैशाख १ देखि नयाँ बर्ष, नाग पञ्चमी, बडकी आईतबार, भित्तीयागौर, दस्य, खिचडी, फगुवा आदि समय समयमा पर्वहरु मनाउँदछन् भने जन्मदेखि मृत्यु पर्यन्त आफ्नो परम्परा अनुसार संस्कारहरु सम्पन्न गर्दछन् । जन्म, मृत्यु र विवाह मुख्य संस्कार मान्दछन् । विवाह र मृत्युलाई जति संस्कार कुनै पनि कार्य गर्दा नाउलाई बोलाउनु यो समूदायको विशेषता हो । छोराछोरीलाई विद्यालय पठाउनु पर्छ भनी चेतनाको विकास भए तापनि जन्म हुँदा छोराको चाहनामा प्राथमिकता भएको पाईयो । ६ दिनसम्म सुतक बार्ने चलन छ । नाम राख्ने कुनै निश्चित नियम छैन । बच्चा जन्मेको महिना, बार र घटनासँग सम्बन्धित नाम राख्ने गर्दछन् । ५ देखि १० बर्ष सम्ममा बालकको चुडा कर्म गर्ने चलन छ । सबै आफन्त तथा छर छिमेकलाई भोज ख्याउँदछन् । विवाह आफ्नै उपजातीमा गर्दछन् । पहिला बाल विवाह प्रचलनमा थियो तर हाल यो प्रथा लगभग हटि सकेको छ । सगोत्री विवाह, फुपु चेला, मामा चेली विवाह चल्दैन, विवाह गर्दा ५ पुस्तासम्म नाता हेरिन्छ, देवर भाउजु विवाह र साली भेना विवाह मान्य छ । यिनीहरुमा प्रेम विवाह, मागी विवाह, जारी विवाह र विधवा विवाह प्रचलनमा छ तापनि मुख्य मागी विवाह नै हो ।

यहाँका थारुहरु विभिन्न चाडपर्वहरुमा नाच गान गरेर रमाईलो गरी मनाउने पर्व तथा संस्कारहरुमा मन फुकाएर खर्च गर्दछन् । दाल, भात, माछा, मासु, रक्सी, पुरी, तरकारी आदि मुख्य खाना हो । महत्वपुर्ण चाडपर्वहरु मनाउँदा आफन्तलाई

निम्ता गर्दछन् । पर्वहरुमा मासु, रक्सी बढी खाने गर्दछन् । पितृकार्यमा पनि सिद्राको प्रयोग गर्दछन् ।

## ७.२ निष्कर्ष

स्वाठी गा.वि.स. ६ का थारु जातजातीहरुको आर्थिक तथा सामाजिक अवस्थाको एक अध्ययनमा समूदायका परिवारको आर्थिक र सामाजिक स्थितिको संरचनामा प्रभाव पार्ने चरहरुको बारेमा प्रश्नावली बनाई प्राप्त तथ्याङ्कहरुलाई प्रस्तुति, विश्लेषण र व्याख्या गर्दा समग्र रुपमा आर्थिक स्थिति कमजोर र सामाजिक अवस्था परम्परागत भएको पाईयो ।

कृषिमा आधारित अधिकांश परिवारलाई आफ्नो उत्पादनबाट बर्षभरी खान पुग्दैन । तराईका जमिन्दारका रुपमा रहेका थारुहरु विस्तारै भुमिहीन बन्दै गईरहेका छन् । कुत, ठेक, अधियामा जमिनमा खेती गर्न पाईने, कृषिमा लगानी अनुसार प्रतिफल प्राप्त नहुने, दैनिक उपभोगका लागि आवश्यक बस्तुहरु खरिद गर्दा ऋण लाग्नु चाडपर्व तथा संस्कारहरुमा मन फुकाएर खर्च गर्ने गर्दा स्थायी सम्पत्तिको रुपमा रहेको जमिनको स्वामित्वमा ह्रास आएको छ । पारिवारिक संरचनालाई नियाल्दा संयुक्त परिवारको स्थिति न्यून रहेको छ । व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा प्रभाव पार्ने शुद्ध खानेपानी, सन्तुलित खाना, फोहर मैलाको उचित व्यवस्थापन हुन सकेको पाइदैन । बालबालिकाहरुमा कुपोषण छ । स्वास्थ्य स्थिति कमजोर भएकोले थोरै सन्तानमा दम्पतिहरु परिवार नियन्त्रण गर्न चाहँदैनन् । शैक्षिक स्थितिमा गुणात्मक सुधार आउन सकेको छैन । गरिबी र सामाजिक चलनले अधिकांश बालबालिकाहरु शिक्षाको माध्यमिक तह पुरा नगर्दै विद्यालय छाड्ने गरेको पाईन्छ । रोजगारका अवसरहरु कम भएको र भाषाको कठिनाई भएकोले सरकारी सेवामा प्रवेश गर्न असुविधा भएको छ । उद्योग धन्दा, कल कारखाना तथा व्यापार व्यवसायमा लगानीका लागि पूँजी न्यून भएकोले स्वदेशी वा विदेशी नीजि संस्थामा जीवन निर्वाहको लागि काम गर्ने वा कुत, ठेक, अधियामा कृषिमा संलग्न भएकोले आर्थिक स्थिति कमजोर भएको पाइन्छ ।

सामाजिक संस्कार तथा चाडपर्वहरु खर्चिला छन् । परम्परागत धार्मिक विश्वास प्रगाढ पाइन्छ । दाईजो प्रथाले जरा गाडेको छ । शहरीकरण र आधुनिकीकरणले प्रभाव पारेको छ । अन्य जातीहरुसँगको सम्मीलन र समायोजनले यो जातीको खानपान, भेषभुषा, रहन सहन, बानी व्यहोरामा परिवर्तन ल्याएको छ ।

## ७.३ सुझाव

स्वाठी गा.वि.स. वडा नं. ६ का थारु जनजातीहरुको आर्थिक तथा सामाजिक स्थितिको विश्लेषणबाट प्राप्त विवरणमा सुधार ल्याउनको लागि अध्ययनको क्रममा बुद्धिजिवीहरुसँग भएको भेटघाट, छलफल, वहाँहरुले दिनु भएको सल्लाह र सम्बन्धित समूदायसँग गरिएको सर्भेक्षण र अवलोकनको आधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

१. थारु समूदायमा शैक्षिक चेतनाको अभिवृद्धि गर्न अभिभावकहरुमा शिक्षा सम्बन्धी चेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

२. थारु भाषामा प्राथमिक शिक्षा प्राप्त गर्न सक्ने वातावरणको सिर्जना गर्ने ।

३. हरेक बालबालिकाहरुलाई कक्षा १२ सम्मको शिक्षा निःशुल्क र अनिवार्य गर्ने व्यवस्था मिलाउने ।

४. थारु समुदायको बालबालिकाहरुको उच्च शिक्षाको पहुँच नभएको अवस्था रहेकोले उच्च शिक्षा प्राप्तिका लागि विशेष छात्रवृत्तिको व्यवस्था मिलाउनु पर्ने ।

५. कृषि पेशामा आधारित परिवारमा वैकल्पिक रोजगारको ग्यारेन्टी नभएसम्म १ विगाहा भन्दा कम जमिन बिक्री गर्नका लागि कानुनी बन्देजको व्यवस्था गर्ने र कृषि पेशामा उत्प्रेरणा जगाई लगानी गर्नका लागि “कृषि कर्जा सहयोग कार्यक्रम” को व्यवस्था मिलाउने ।

६. सामाजिक संस्कार तथा चाडपर्वहरुमा गरिने फजुल खर्च घटाउनका लागि सेमिनार, गोष्ठी, धर्मोपदेश जस्ता कार्यक्रम बनाई आम्दानी अनुसार खर्च गर्ने बानी विकासका लागि जनचेतना जागृत गराउनु पर्ने ।

७. उद्योग धन्दा र कलकारखानाको स्थापना गरी रोजगारका अवसरहरुको व्यवस्था गर्ने ।

८. संयुक्त परिवारको अवधारणामा परिवारका सदस्यहरुको जिम्मेवारी र क्रियाशीलता कम पाईएकोले पारिवारिक जिम्मेवारी र क्रियाशिलतालाई बढाउने वातावरणको सिर्जना गर्ने ।

९. स्वास्थ्य शिक्षा सम्बन्धी जनचेतना बढाउने कार्यक्रम संचालन गर्ने ।

१०. स्वास्थ्योपचार सर्व सुलभ र निःशुल्क उपलब्ध हुने व्यवस्था मिलाउने ।

११. पिछडिएको जनजातीलाई उच्च प्राविधिक शिक्षा हासिल गर्नका लागि निश्चित कोटाको व्यवस्था गर्ने ।

१२. शीपमुलक शिक्षा वा घरेलु उद्योगको लागि तालिमको ब्यवस्था गर्ने ।

१३. थारु जातीको मौलिक संस्कृतिको संरक्षण गर्न आवश्यक ब्यवस्था मिलाउने ।

१४. भाषा र लीपिको खोजको ब्यवस्था गर्ने ।

१५. सामाजिक विकृतिको रुपमा बढेको दाईजो प्रथालाई निरुत्साही गर्न कडा कानूनी ब्यवस्था गर्ने ।

१६. पैतृक सम्पत्तिको हकदार छोरा वा अविवाहिता छोरी मात्र हुने व्यवस्थालाई परिमार्जन गरी छोरा छोरीलाई आत्मनिर्भर बनाउने वातावरण सिर्जना गर्ने ।

# सन्दर्भग्रन्थसूची


अन्तर्राष्ट्रिय मञ्च, वर्ष २०, अङ्क ११ ।

**केन्द्रीय तथ्याङ्क विभाग**, (२०५८) काठमाडौं ।

घिमिरे, देवेन्द्र (२०५२) **थारू आदिवासी नेपाली** (गोमादेवी चापागाइँ प्रथम संस्करण)

चौधरी, नीलकुमार (२०५५) **चितौने थारुको परिचय -हेल्प नेपाल एशोसियशन**, प्रथम संसकरण) ।

चौधरी, दीपक (२०६५), **नेपालको मधेशी समाज** ।

**नवलपरासी जिल्लाको वस्तुगत विवरण (२०६३)** नवलपरासी जिल्ला विकास समिति, नवलपरासी ।

नेपाली, गोपालसिंह (स्न १९६५), **द नेवार,** वम्वे युनाइटेड एशियन पब्लिकेशने, ।

थारु संस्कृतिक, २०६४ ।

विष्ट, डोरबहादुर (२०५५) **सबै जातको फुलबारी**, काठमाडौं साभ्का प्रकाशन, काठमाडौं ।

विष्ट, डोरबहादुर (२०३७) **पिपल अफ नेपाल**, काठमाडौं रत्नपुस्तक भण्डार, ।

भट्टराई, ज्ञानेश्वर, **बृहत ज्ञानकोष** ।

रेग्मी, ऋषि केशवराज (२०३५) **एक स्रोत**, काठमाडौं तिनधारा, साभ्का प्रकाशनः ।

शर्मा, मेदिनी प्रसाद (२०४४) **थारू जाति एक अध्ययन** (विराटनगर पूर्वाञ्चल साहित्य प्रतिष्ठान प्रथम संस्करण) ।

शर्मा, जनकलाल, (२०३९), **हाम्रो समाज एक अध्ययन,** काठमाडौं साभ्का प्रकाशन, काठमाडौं ।

स्टक, जोन र मार्सल गोर्डन (सन् २००५), **अक्सफोर्ड डिक्सनरी अफ सोसोलोजी**, न्यूयोर्क, अक्सफोर्ड युर्निभर्सिटी प्रेस ।

स्टाटिकल पकेट वुक (२०५८), केन्द्रीय तथ्याङ्क विभाग ।

# प्रश्नावली

## घरधुरी सर्वेक्षणका लागि तयार गरिएको प्रश्नावली

१. घरधुरी सङ्ख्या : मितिः

२. उत्तरदाताको पूरा नामः वैवाहिक स्थिति :

लिङ्ग : उमेर :

टोलः धर्म :

जिल्ला : गा.वि.स. : वडा नं. :

प्रमुख व्यवसायः सहायक व्यवसाय :

साक्षर : निरक्षरः

३.परिवारको सदस्य सङ्ख्या

४. पारिवारिक विवरण :

| सिं.नं. | नाम | घरमुलीसँग नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शैक्षिक स्तर | पेसा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

५.शिक्षाप्रतिको धारणाः

५.१ तपाईको विचारमा छोराछोरीलाई पढाउन आवश्यक छ कि छैन ?

क) छ  ख) छैन

५.२ छोरीलाई कतिसम्म पढाउन चाहनुहुन्छ ?

क) प्राथमिक  ख) माध्यमिक  ग) उच्च शिक्षा

५.३ छोरीलाई पढ्न नपठाउनुको कारण के होला ?

क) घरमा काम गर्ने मानिसको अभावले

ख) विवाह गरी अर्काको घर जाने भएकोले

ग) परम्पराको विपरित हुने भएकोले

घ) आर्थिक समस्याले

ङ) अन्य कारण

६. तपाईको विचारमा छोराछोरीमध्ये कुन महत्वपूर्ण लाग्छ ?

क) छोरी  ख) छोरा  ग) दुबै बराबर

७. थारू समाजमा कस्तो प्रकारको विवाह गर्ने प्रचलन बढी प्रचलित छ ?

क) मागी विवाह  ख) प्रेम विवाह  ग) चोरी विवाह  घ) अन्य

८. अन्तरजातीय विवाहप्रति कस्तो धारणा छ ?

क) राम्रो  ख) नराम्रो  ग) ठीकै

९. छोराछोरीको विवाह अन्य जातिसँग भएको भए सो को विवरण दिनुहोस्

क) भएको छ  ख) भएको छैन (भएको भए कुन जातिमा ......)

१०. छोराछोरीको विवाह कुन उमेरमा गर्ने चलन छ ?

.............................................................................................

११. परिवारको सञ्चालन कसले गर्दछ ।

क) श्रीमान्  ख) श्रीमती  ग) उमेर पुगेको छोरा

१२. स्वास्थ्यसम्बन्धी ज्ञान छ कि छैन ?

क) छ  ख) छैन  ग) अलिअलि

१३. बिरामी हुँदा प्राथमिकताका आधारमा कहाँबाट उपचार गराउनुहुन्छ ?

क) धामीझाँक्री  ख) वैद्य ओषधी  ग) अस्पताल

घ) हेल्थपोष्ट  ङ) अन्य

१४ घरमा भएका साना नानी तथा गर्भवती महिलालाई खोप दिने गर्नु भएको छ कि छैन?

क) छ ख) छैन

यदि छ भने कुन कुन खोप दिने गर्नु भएको छ ?

| सिं नं | | | | | |
|---|---|---|---|---|---|
| खोपको नाम | | | | | |

१५. गर्भवती महिलालाई सुत्केरी गराउँदा कसको सहयोग लिनु हुन्छ ?

क) सुडेनी ख) नर्स ग) डाक्टर घ) घरको मानिस

१६. परिवार नियोजनका साधन प्रयोग गर्नु भएको छ कि छैन ?

क) छ ख) छैन

यदि छ भने कुन साधन प्रयोग गर्नु भएको छ ?

क) स्थायी ख) अस्थायी

१७. खानेपानीको मुख्य स्रोत के हो ?

क) धारा ख) इनार ग) ट्युबेल घ) अन्य

१८. घरमा चर्पी छ कि छैन ?

क) छ ख) छैन

१९. एकवर्षमा कुन कुन चाडपर्व मनाउनुहुन्छ ?

१.

२..

३.

२०. संस्कार वा चाडपर्व खर्चिला छन् छैनन् ? यदि खर्चिला छन् भने सुधार गर्न खोज्नु भएको छ छैन ?

क) छ ख) छैन

२१. गैर थारू जातिको चाडपर्व पनि मनाउने गर्नु भएको छ

क) छ ख) छैन

यदि छ भने कुन कुन मनाउनु हुन्छ ?

१.

२..

३.

२२. भूतप्रेतमा विश्वास राख्नु हुन्छ कि हुँदैन ?

क) राख्छौ ख) राख्दैनौ ग) अलिअलि राख्छौ

२३. जमिनको आकार

| सिं.नं. | जमिनको प्रकार | जमिनको क्षेत्रफल विघा/कठ्ठा | आफ्नो स्वामित्व | मोहियानी | ऐलानी | घडेरी | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | खेत | | | | | | |
| २ | बारी | | | | | | |
| ३ | अन्य | | | | | | |

२४ मुख्य बाली/उत्पादन समेत (मुरिमा)

| सिं.नं. | मुख्य बाली र उत्पादन | | | | | |
|---|---|---|---|---|---|---|
| | वर्षे | उत्पादन | हिउँदे | उत्पादन | नगदे | उत्पादन |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

२५. तपाईले घरमा पालेका पशुपंक्षीको विवरण दिनुहोस् ।

| क्र.सं. | पशुपंक्षीको नाम | सङ्ख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

२६. घरको प्रकार कस्तो छ ?

१. क) पक्की ख) कच्ची ग) झुपडी घ) छैन

१.२ क) छानाको प्रकार : क) टिन ख) खर ग) टायल घ) खपटा

१.३ गाह्रोको प्रकार : क) सिमेन्ट ख) बाँसको टाटी ग) माटोको भित्ता

२७. तपाईको पेसा के हो ?

क) कृषि ख) व्यापार ग) सेवा

घ) मजदुर ङ) ज्यालादारी च) अन्य

२८. तपाईको आम्दानीको मुख्य स्रोत के हो ?

..................................................................................................

२९. तपाईको आम्दानीले कतिसम्म खान पुग्छ ?

क) ३ महिना ख) ६ महिना

ग) ९ महिना घ) वर्षदिन खान पुगेर बेच्न समेत पुग्ने

३०. ऋण सापट लिने गरेको छ छैन ?

क) छ ख) छैन

यदि छ भने कहाँबाट लिनु हुन्छ ?

क) बैंकबाट ख) साहुमहाजनसँगबाट ग) छिमेकीसँगबाट

घ) नातासँग ङ) साथीसँग

३१. आफ्नो परम्परागत पेसाप्रति सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

३२. आफ्नो परम्परागत पेसा छोराछोरीलाई पनि सिकाउन चाहनुहुन्छ ?

क) चाहन्छु ख) चाहन्न

३३. सञ्चारका साधनहरु के के छन् ?

क) रेडियो ख) टि.भी. ग) भिडियो

घ) टेलिफोन ङ) अन्य

३४. खाना पकाउनका लागि के को प्रयोग गर्नुहुन्छ ?

क) दाउरा ख) गुइँठा ग) ग्याँस घ) मट्टितेल

३५. थार जातिको सम्पूर्ण पक्षको विकासका लागि कुन-कुन पक्षमा सुधार गर्नु पर्ला ?

१.

२.

३.

४.

जानकारसँग गरिएको अन्तर्क्रियाको चेकलिष्ट

ज्ञ। स्वाठी गा.वि.स. मा थारु जातिको आगमन

द्द। थारु जनजातिको उत्पत्ति र विकास

घ। थारुको धर्मप्रतिको विश्वास

द्ध। रहनसहन

छ। लवाइखवाई

ट। मौलिक पहिचान

ठ। संस्कार तथा पर्व मनाउने तरिका

ड। जन्म, मृत्यु र विवाहमा गरिने प्रक्रिया

ढ। छोराछोरीमा हुने विभेद

ज्ञण। आय आर्जनका लागि गरिने प्रयास

ज्ञज्ञ। संस्कार तथा चाडपर्वमा गरिने खर्च

ज्ञद्द। समाज र अन्तर सम्बन्ध

ज्ञघ। सामाजिकीकरण हुने प्रक्रिया

ज्ञद्ध। सामाजिक अन्तर्क्रिया

ज्ञछ। सम्मिलन र समायोजन

ज्ञट। थारु समुदायमा विगत दशवर्ष यता संस्कारहरूमा देखिएको परिवर्तन

ज्ञठ। सामाजिक समस्या

ज्ञड। समाधानका उपाय

ज्ञढ। परिवार तथा नातेदारी व्यवस्था

द्दण। रीतिरिवाज र मूल्यमान्यता

द्दज्ञ।गाउँको राजनैतिक जनचेतना

द्दद्द।नाता सम्बन्ध

द्दघ।नाता सम्बन्ध चिनाउने प्रचलन

द्दद्ध। भोजभतेरमा देखिएको परिवर्तन